सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ चैत २०८०, शनिबार (30 Mar 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



शंकालु सम्बन्ध

यतिवेला एमाले अध्यक्ष केपी ओली र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल आरोप-प्रत्यारोप त्यागेर सम्बन्ध सुधारको बाटोमा छन्

• प्रेम गौतम

अमेरिकी राजनीतिमा वृद्धहरूको वर्चस्व



राजनीतिबाट किन रिटायर्ड हुन चाहँदैनन् नेता ?

• मेरी केट क्यारी

अस्पताल छोडेर हिमालमा रमाएका डाक्टर





नौ इन्टरनेट सेवा प्रदायकबाट तीन अर्ब कर छली, वर्ल्डलिंकको मात्रै सवा अर्बभन्दा बढी

आफ्ना ८ लाख २२ हजार ६०९ ग्राहकबाट वर्ल्डलिंकले मासिक एक अर्बभन्दा बढी शुल्क उठाउँछ, तर राज्यलाई कर तिर्दैन

■ दूरसञ्चार प्राधिकरणद्वारा नियुक्त परामर्शदाताले दिए १० वर्षमा नौ सेवा प्रदायकले तीन अर्बको हाराहारीमा कर छली गरेको प्रतिवेदन, असुलीका लागि सेवा प्रदायकहरूलाई प्राधिकरणको पत्राचार

कर छलीबारे अख्तियारको पनि छानबिन जारी

सुवास भट्ट/नयाँ पत्रिका

नौ इन्टरनेट सेवा प्रदायकले झन्डै तीन अर्ब रुपैयाँ कर छली गरेका छन्, जसमा वर्ल्डलिंक कम्युनिकेसनको मात्रै सवा अर्बभन्दा बढी छ। दूरसञ्चार प्राधिकरणको पछिल्लो तथ्यांकअनुसार देशभर वर्ल्डलिंकका आठ लाख २२ हजार ६०९ ग्राहक छन्। उनीहरूबाट मासिक एक अर्बभन्दा धेरै शुल्क उठाउने गरे पनि उसले राज्यलाई कर तिर्न भने १० वर्षदेखि अटेर गरिरहेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकहरूले तिर्न बाँकी दायित्वबारे विस्तृत अध्ययन गर्न स्वतन्त्र परामर्शदाता नै नियुक्त गरेको थियो, जसले पछिल्लो १० वर्षको अवधिमा नौ सेवा प्रदायकबाट तीन अर्ब हाराहारी कर छली भएको निष्कर्षसहितको प्रतिवेदन प्राधिकरणलाई बुझाएको छ। प्राधिकरणले बक्यौता असुलीका लागि सेवा प्रदायकहरूलाई पत्राचार गरिरहेको छ।

यसअघि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गरेको छानबिनले ०६९/७० देखि ०७८/७९ सम्मको अवधिमा सेवा प्रदायकहरूले दूरसञ्चार रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषबापत सरकारलाई बुझाउनुपर्ने जरिवानासहितको दुई अर्ब ४६ करोड ९० लाख ५९ हजार नौ सय ७८ रुपैयाँ नतिरेको देखाएको थियो। ठूला सेवा प्रदायकहरूले कानुनबमोजिम तिर्नुपर्ने कर नतिरेको भन्दै असुली गर्न समितिले भनेको थियो।

मन्त्रालयको छानबिन समितिले इन्टरनेट सेवा प्रदायकहरूले कर छली गरेको औंल्याएपछि प्राधिकरणले स्वतन्त्र परामर्शदाता नियुक्त गरेर पुनः अध्ययन गराएको थियो। परामर्शदाताले यसै साता प्राधिकरणलाई प्रतिवेदन बुझाएको छ। 'परामर्शदाताले अध्ययन गरेर दिएको प्रतिवेदनमा नौ इन्टरनेट सेवा प्रदायकले दूरसञ्चार

» पृष्ठ २ मा क्रमशः

■ एक अर्ब २५ करोडभन्दा बढी कर तिर्न अटेर गरिरहेको वर्ल्डलिंक लाइसेन्स नवीकरण नगरिदिएको भन्दै उल्टै सर्वोच्चमा

वर्ल्डलिंकले २५ वर्षका लागि ०५५ मा लिएको लाइसेन्सको अवधि बिहीबार सकियो



वर्ल्डलिंक कम्युनिकेसनको इन्टरनेट सेवा सञ्चालन अनुमतिपत्र (लाइसेन्स) बिहीबारदेखि समाप्त भएको छ। ऐनबमोजिम २५ वर्षका लागि ०५५ मा लिएको लाइसेन्सको अवधि सकिन थालेपछि उसले नवीकरणका लागि प्राधिकरणमा निवेदन दिएको थियो। तर, प्राधिकरणले पहिला कानुनबमोजिम तिर्नुपर्ने रोयल्टी बुझाउन भनेपछि वर्ल्डलिंक सर्वोच्च पुगेको छ। रिटमा वर्ल्डलिंकले आफूले तिर्न बाँकी बक्यौता नभएको दाबी गरेको छ। बरु, दूरसञ्चार प्राधिकरणले अनाहकमा लाइसेन्स नवीकरण प्रक्रिया अघि नबढाएको दाबी गरेको छ। तर, सञ्चार मन्त्रालय र प्राधिकरणले गरेका दुई छुट्टाछुट्टै अध्ययनले वर्डलिंकले रोयल्टी र दूरसञ्चार कोषबापतको दस्तुरसहित एक अर्ब २५ करोडभन्दा धेरै रकम नतिरेको देखाएको छ।

दूरसञ्चार ऐनको दफा २५ मा सेवा प्रदायकले लिने अनुमतिपत्रको अवधि बढीमा २५ वर्षको हुने व्यवस्था छ। अनुमतिपत्र नवीकरण गर्न चाहे अवधि समाप्त हुनुअगावै तोकिएको अवधिभित्र प्राधिकरणसमक्ष निवेदन दिनुपर्ने व्यवस्था छ। त्यस्तै, अनुमतिपत्र नवीकरणका लागि तोकिए र कबुल गरेबमोजिमको नवीकरण दस्तुर बुझाउनुपर्ने व्यवस्था ऐनमा छ। दफा ३२ मा अनुमतिप्राप्त व्यक्तिले तोकिए र कबुल गरेबमोजिम रोयल्टी नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। जुन तिर्न वर्ल्डलिंकले आनाकानी गरिरहेको छ।

वर्ल्डलिंकको रिटमाथि शुक्रबार सुनुवाइ गर्दै सर्वोच्चले दुवै पक्षलाई छलफलका लागि डाकेको छ। अन्तरिम आदेश माग गर्दै वर्ल्डलिंकले हालेको रिटमाथि निष्कर्षमा पुग्नुअघि दुवै पक्षसँग छलफल आवश्यक भएको भन्दै सर्वोच्चले यही २३ चैतका लागि छलफलमा आउन भनेको छ।

अन्य आठ इन्टरनेट सेवा प्रदायक कसको कति छ बक्यौता ?

vianet
SUBISU CLASSIC TECH
TECHMINDS MERCANTILE
WebSurfer POKHARA internet netmax

सञ्चार मन्त्रालयको छानबिन समितिले तयार गरेको प्रतिवेदनअनुसार सबैभन्दा धेरै वर्ल्डलिंक कम्युनिकेसनले एक अर्ब २५ करोड ३४ लाख २९ हजार ९९० रुपैयाँ तिर्न बाँकी छ। त्यस्तै, भायानेट कम्युनिकेसनले २६ करोड ७६ लाख ४७ हजार ७१०, सुबिसुले २६ करोड ५२ लाख ९६ हजार र क्लासिक टेक टेक्नोलोजीले २३ करोड ७१ लाख १७ हजार २६८ रुपैयाँ तिर्न बाँकी छ।

छानबिन प्रतिवेदनअनुसार टेकमाइन्ड्स नेटवर्कले २३ करोड ६४ लाख सात हजार पाँच सय ३३, मर्कन्टाइल कम्युनिकेसनले नौ करोड १६ लाख ५७ हजार दुई सय ३४, वेभसर्फर कम्युनिकेसनले सात करोड ३२ लाख ४९ हजार दुई सय २१, पोखरा इन्टरनेटले तीन करोड ३३ लाख १० हजार ६ सय ११ र नेट म्याक्स टेक्नोलोजीले एक करोड नौ लाख ४४ हजार चार सय नौ रुपैयाँ तिर्न बाँकी छ।

तर, दूरसञ्चार प्राधिकरणबाट नियुक्त परामर्शदाताले समग्र बक्यौता रकम तीन अर्ब हाराहारी रहेको देखाएको छ। नौवटै सेवा प्रदायकले तिर्न बाँकी बक्यौता पनि बढेको छ। 'मन्त्रालयबाट बनेको समितिले करिब अढाई अर्ब बक्यौता औंल्याएको भए पनि प्राधिकरणको अध्ययनमा तीन अर्बहाराहारी पुगेको छ। सबै सेवा प्रदायकको तिर्नुपर्ने रकम बढी देखिएको छ,' स्रोतले भन्यो।

दुर्गा प्रसाईंलाई अत्याधुनिक हतियार दिइएको विषयमा छानबिन गर्न समिति गठन



व्यवसायी प्रसाईंको बडीगार्डबाट बरामद हतियार

काठमाडौं/ व्यवसायी दुर्गा प्रसाईंलाई कानुनविपरीत अत्याधुनिक हतियार राख्ने इजाजत दिइएको विषयमा छानबिन गर्न गृह मन्त्रालयले समिति गठन गरेको छ। सहसचिव राजेन्द्रदेव पाण्डेको नेतृत्वमा चार सदस्यीय समिति गठन भएको हो।

समितिका सदस्यमा गृहकै उपसचिव ऋषि पौडेल र नेपाल प्रहरीका एसपी सन्तोष भट्टराई छन्। गृहकै अर्का उपसचिव एकदेव अधिकारीलाई

» पृष्ठ २ मा क्रमशः

■ खानेपानीको जोहो



चक्रपथको सानेपा-बल्खु सडकखण्ड (स्टार हस्पिटलअगाडि)मा इनारबाट पानी भर्दै एक महिला।
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ उपप्रधानमन्त्री श्रेष्ठ ल्हासामा

नाका खोल्ने निर्णय कार्यान्वयनमा लैजाने तिब्बत सरकारको वचन



उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ र चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत सचिव एवं सरकार प्रमुख वाङ छुङछेङबीच ल्हासामा भएको भेटवार्ता

नयाँ पत्रिका

चीनको औपचारिक भ्रमणमा रहेका उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ शुक्रबार तिब्बतको राजधानी ल्हासा पुगेका छन्। चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत सचिव एवं सरकार प्रमुख वाङ छुङछेङसँग भएको भेटवार्तामा श्रेष्ठले सीमावर्ती क्षेत्रका समस्याबारे छलफल गरेका छन्।

नेता वाङले बेइजिङमा श्रेष्ठ र उनका समकक्षी वाङ यीबीच सबै नाका खोल्ने निर्णय कार्यान्वयनमा लैजाने वचन दिएका छन्। पार्टी सचिव वाङले नेपाल र चीन सरकारबीच भएका सहमति कार्यान्वयन भइरहेको बताएका थिए।

तिब्बत सरकारका वरिष्ठ अधिकारीलाई साथमा राखेर उनले तिब्बतले क्षमताले भ्याएसम्म नेपालको विकासमा साथ दिने प्रतिबद्धता जनाएका छन्। 'नेपाल र चीनबीचका १४ वटा नाका खुल्छन्। मौसमको अनुकूलता हेरेर कार्यान्वयन गर्छौं,' तिब्बत सचिव वाङलाई उद्धृत गर्दै नेपाली अधिकारीले भने। प्रधानमन्त्री

» पृष्ठ २ मा क्रमशः

चार करोडको कोकिन पेटभित्र राखेर ब्राजिलदेखि काठमाडौंसम्म

अन्तर्राष्ट्रिय लागुऔषध तस्कर गिरोहका दुई ब्राजिलियन सदस्य ठमेलबाट पक्राउ

नयाँ पत्रिका

काठमाडौंको ठमेलस्थित एक होटेलबाट कोकिनसहित दुई ब्राजिलियन नागरिक पक्राउ परेका छन्। एक किलो चार सय ५५ ग्राम कोकिनसहित ब्राजिलियन नागरिक लारिसन ब्रिटो डोस सानटोस र फर्नान्डा भेल डोस सानटोस पक्राउ परेका हुन्।

लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई मंगलबार पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो। लारिसनलाई आठ सय ४० ग्राम र फर्नान्डालाई पाँच सय ५० ग्राम अवैध लागुऔषध कोकिनसहित पक्राउ गरिएको ब्युरोले जनाएको छ। अनुसन्धानका क्रममा दुवैले कोकिनका क्याप्सुलहरू निलेर पेटभित्र लुकाई ब्राजिलको सापाउलोबाट नेपाल ल्याएको खुलेको प्रहरीले जनाएको छ। होटेलमा बसेर दिसामार्फत ती कोकिन निकाल्दै गर्दा छापा हानी प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।


पक्राउ परेपछि उनीहरूको पेटमा थप क्याप्सुल हुन सक्ने देखिएपछि दुवैजनालाई नेपाल प्रहरी अस्पताल पठाइएकोमा लारिसनको पेटबाट थप ६ वटा प्लास्टिकले च्यापिङ गरिएका क्याप्सुलभित्र कोकिन ६५ ग्राम बरामद भएको थियो। बरामद गरिएको लागुऔषध कोकिनको अवैध बजार मूल्य चार करोड ३६ लाख ५० हजार रुपैयाँ रहेको ब्युरोले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः

■ पक्राउ परेका दुई ब्राजिलियन भरिया कि तस्कर ?







लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी गोविन्द थपलियाका अनुसार ब्राजिलियन नागरिक लारिसन ब्रिटो डोस सानटोस र फर्नान्डा भेल डोस सानटोस २३ मार्चमा ब्राजिलबाट उडेकोमा २५ मार्चमा नेपाल आएका थिए। शंका लागेर ब्युरोको टोलीले अन्तर्राष्ट्रिय विमानस्थलबाटै उनीहरूलाई पछ्याएको थियो। विमानस्थलबाट ठमेल जाने क्रममा ट्याक्सीमै पुरानो होटेल बुकिङ रद्द गरेर नयाँ होटेल बुक गरेका थिए। घुम्न आएको बताउने उनीहरू होटेलबाट मेडिकलमा गमलगायत केही औषधि किन्न जानेबाहेक अन्यत्र निस्किएका थिएनन्। दुई दिनपछि छापा हानेर पक्राउ गर्दा कोकिन बरामद भएको एसएसपी थपलिया बताउँछन्। तर, उनीहरूले कसलाई सो कोकिन दिन ल्याएका थिए भन्ने विषयमा अझै खुल्न सकेको छैन। प्रारम्भिक अनुसन्धानमा उनीहरू कोकिन बोक्ने भरिया मात्र भएको प्रहरी आकलन छ।

देशभर पाँच सय 'घुमुवा' प्रहरी हटाइए

नयाँ पत्रिका

देशभरिका प्रहरी कार्यालयबाट करिब पाँच सय सादा पोसाकका प्रहरी (घुमुवा) हटाइएका छन्। गृह मन्त्रालयको निर्देशनअनुसार प्रहरीले घुमुवा हटाएको हो। सादा पोसाकमा कार्यरत प्रहरी बारम्बार विवादमा पर्दै आएका छन्।

सूचना संकलन तथा अपराध अनुसन्धानका लागि भनेर सादा पोसाकमा खटिने प्रहरी गैरव्यावसायिक गतिविधिमा संलग्न रहेको भन्दै हटाउन बिहीबार प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिइएको थियो। जसअनुसार प्रहरी प्रधान कार्यालयले देशभरिका प्रहरी कार्यालयलाई तत्काल घुमुवा प्रहरी हटाएर नियमित ड्युटीमा खटाउन परिपत्र गरेको छ।

निर्देशनअनुसार सबैजसो कार्यालयबाट सादा पोसाकका प्रहरी नियमित ड्युटीमा खटिन थालेको प्रहरी प्रवक्ता डिआइजी



• **अवदेश विष्ट**, एसपी,
काठमाडौं उपत्यका प्रहरी कार्यालय

काठमाडौं उपत्यकामा मात्र १०८ जना सादा पोसाकका प्रहरीलाई नियमित ड्युटीमा खटाउन थालिएको छ

भीमप्रसाद ढकालले बताए। अपराध अनुसन्धान गर्ने विशिष्टीकृत निकाय र अपराध अनुसन्धान शाखामा काम

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सांसद गुरुङको निलम्बन बदर

नयाँ पत्रिका

सर्वोच्च अदालतले मनाङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङको निलम्बन बदर गरेको छ। गुरुङविरुद्ध विशेष अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा विचाराधीन रहेको भन्दै अख्तियारको पत्रका आधारमा संघीय संसद् सचिवालयले ८ पुस ०७९ बाट लागू हुने गरी १२ पुसमा निलम्बन गरेको थियो।

भ्रष्टाचार निवारण ऐन दफा ३३ को 'मुद्दा किनारा नलागेसम्म स्वतः निलम्बनमा रहने' व्यवस्था कार्यान्वयन गर्न अख्तियारले पठाएको पत्रका आधारमा संसद् सचिवालयले निलम्बन गरेपछि सांसद गुरुङ रिट लिएर सर्वोच्च पुगेका थिए। न्यायाधीश मनोजकुमार शर्मा र विनोद शर्माको संयुक्त इजलासले शुक्रबार रिटमा निर्णय सुनाउँदै गुरुङलाई निलम्बन गर्ने निर्णय त्रुटिपूर्ण रहेको भन्दै उत्प्रेषणको आदेशबाट बदर गरेको हो।

भृकुटीमण्डपको फनपार्क जग्गा भाडा प्रकरणमा भ्रष्टाचार गरेको भन्दै गुरुङविरुद्ध अख्तियारले २१ माघ ०७५ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। मुद्दा विचाराधीन हुँदै काग्रेसबाट ४ मंसिरको निर्वाचनमा उम्मेदवार हुँदै प्रतिनिधिसभा सदस्य निर्वाचित भए।

गुरुङ निर्वाचित भएर ७ पुस ०७९ मा शपथ लिएपछि अख्तियारले ८ पुसमा स्वतः निलम्बन हुने पत्र पठाएको थियो। १२ पुसमा निलम्बनको सूचना पाएका गुरुङविरुद्ध २५ फागुन ०७९ मा विशेष अदालतले फैसला सुनायो। एक करोड २१ लाख ८४ हजार जरिवाना गरेको विशेषले कैद सजाय गरेन। कैद सजाय माग गरेको अख्तियार यो फैसलाविरुद्ध पुनरावेदनमा गएको छ। फैसला भइसकेपछि पनि आफ्नो निलम्बन फुकुवा नगरेको भन्दै गुरुङले मुद्दा हालेका थिए।

सर्वोच्चले अख्तियारको पत्राचारका आधारमा गुरुङलाई गरिएको निलम्बन संविधानको धारा २० (५), ८७, २४६ (३), संघीय संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ को दफा ९, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २४८ (३), (४) को प्रयोग र व्याख्याको दृष्टिले त्रुटिपूर्ण रहेको देखिएको फैसलामा उल्लेख गरेको छ। सर्वोच्चले कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने संवैधानिक व्यवस्था, विचाराधीन मुद्दामा उम्मेदवार हुन अयोग्य नहुने निर्वाचन अधिकृतको कार्यालयको निर्णयलाई आधार मान्दै अख्तियारका पत्रका आधारमा गुरुङको निलम्बनको निर्णयलाई त्रुटिपूर्ण भनेको हो।

फैसलामा छ, 'अतः निवेदकलाई ८ पुस ०७९ देखि स्वतः निलम्बन रहेको भनी संसद् सचिवालयबाट १२ पुसमा जारी भएको सूचना र सोसँग सम्बन्धित अख्तियारबाट ८ पुसमा भएको निर्णय तथा सोका आधारमा गरिएको पत्राचार उत्प्रेषणको आदेशले बदर गरिदिएको छ।'

सांसद सापकोटालाई हटाउने जनमतको निर्णय अस्वीकृत

काठमाडौं/ सभामुख देवराज घिमिरेले समानुपातिक सांसद गोमा लाभ सापकोटालाई हटाउने जनमत पार्टीको निर्णय अस्वीकृत गरेका छन्। पार्टी हितअनुकूल काम नगरेको भन्दै जनमतले समानुपातिक सांसद सापकोटाको पद रिक्त गर्न २७ फागुनमा संसद् सचिवालयमा निवेदन दिएको थियो। सभामुख घिमिरेले सापकोटालाई गरेको कारबाही राजनीतिक दलसम्बन्धी ऐनअनुसार नमिलेको भन्दै पद रिक्त गर्न अस्वीकार गरेका हुन्। कारबाहीको प्रक्रिया नपुगेको भनेर सम्बन्धित दललाई जानकारी गराएको संसद् सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले बताए।

दुर्गा प्रसाईंलाई...

पृष्ठ १ बाट क्रमशः

सदस्यसचिव तोकिएको छ। सर्वोच्च अदालतको आदेशअनुसार छानबिन गर्न समिति गठन गरिएको गृह मन्त्रालय प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

गत ५ चैतमा प्रसाईंका बडिगार्ड अत्याधुनिक हतियारसहित सर्वोच्च अदालतको गेटमा पक्राउ परेका थिए। व्यक्तिले राख्न नपाउने हतियारको इजाजतपत्र प्रसाईंलाई दिइएको देखिएको भन्दै सर्वोच्चले यस विषयमा छानबिन गर्न गृह मन्त्रालयलाई आदेश दिएको थियो। सोहीअनुसार समिति गठन गरिएको गृह मन्त्रालयले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय झापाले २१ असार ०७५ मा प्रसाईंलाई २२ बोरको अर्धस्वाचालित हतियारको इजाजतपत्र दिएको थियो। स्रोतका अनुसार झापाका तत्कालीन सिडिओ जनकराज दाहालले लाइसेन्स दिएका थिए। दाहालले हाल अवकाश पाइसकेका छन्।

छानबिन समितिलाई ६ वटा कार्यादेश दिइएको छ। नियमविपरीत लाइसेन्सको इजाजत दिने र नवीकरण गर्नेलाई कारबाहीको सिफारिस गर्ने, व्यक्तिगत रूपमा इजाजतपत्र प्राप्त गरेका हतियारको प्रयोगसम्बन्धी मापदण्ड निर्धारण गर्ने, हातहतियार तथा खरखजनासम्बन्धी कानुनमा सुधार गर्नुपर्ने विषयको पहिचान गर्ने कार्यादेश छ।

त्यस्तै, इजाजत प्राप्त हातहतियारको दुरुपयोग रोक्न अनुगमन, नियमन र नियन्त्रणका सम्बन्धमा गरिएको अभ्यासको समीक्षा गर्ने हतियारको अभिलेख, व्यवस्थापन र नियमन सम्बन्धमा उपयुक्त ढाँचा पहिचान गर्ने र यी विषयमा सुझावसहितको प्रतिवेदन १५ दिनभित्र बुझाउन भनिएको छ।

चार करोडको...

पृष्ठ १ बाट क्रमशः

ब्युरोका प्रमुख एसएसपी गोविन्द थपलियाका अनुसार उनीहरू २३ मार्चमा ब्राजिलबाट उडेकोमा २५ मार्चमा नेपाल आएका थिए। शंका लागेर ब्युरोको टोलीले अन्तर्राष्ट्रिय विमानस्थलबाटै उनीहरूलाई पछ्याएको थियो। विमानस्थलबाट ठमेल जाने क्रममा ट्याक्सीमै पुरानो होटेल बुकिङ रद्द गरेर नयाँ होटेलमा बुक गरेका थिए। घुम्न आएको बताउने उनीहरू होटेलबाट मेडिकलमा गमलगायत केही औषधि किन्न जानेबाहेक अन्यत्र निस्किएका थिएनन्। दुई दिनपछि छापा हानेर पक्राउ गर्दा कोकिन बरामद भएको एसएसपी थपलिया बताउँछन्। तर, उनीहरूले कसलाई सो कोकिन दिन ल्याएको थिए भन्ने विषयमा अझै खुल्न सकेको छैन। प्रारम्भिक अनुसन्धानमा उनीहरू कोकिन बोक्ने भरिया मात्र भएको प्रहरी आकलन छ।

नेपालमा ब्राजिललगायत दक्षिण अमेरिकी देशबाट कोकिन आउने अपराधको प्रवृत्ति नयाँ नभएको प्रहरी अधिकारी बताउँछन्। विगतमा पनि पटक-पटक यसरी कोकिन आएको छ। नेपाललालाई ट्रान्जिट बनाएर अर्को देश लैजान यहाँ ल्याउने प्रवृत्ति छ। तुलनात्मक रूपमा नेपालम यस्तो अपराधमा कम सजाय हुने र विमानस्थलमा स्क्रिनिङ बलियो नभएको आकलनका आधारमा अन्तर्राष्ट्रिय गिरोहले नेपाललाई ट्रान्जिट बनाउँदै आएको छ। यसरी आउने कोकिन भारत तथा युरोपियन देशमा पुग्न गरेको छ।

देशभर पाँच सय...

पृष्ठ १ बाट क्रमशः

गर्नेबाहेक अन्य सादा पोसाकमा खटिन रोक लगाइएको छ। प्रहरी प्रधान कार्यालय स्रोतका अनुसार सादा पोसाकमा कार्यरत पाँच सयभन्दा धेरै प्रहरीलाई नियमित काममा खटाउन थालिएको छ। काठमाडौं उपत्यकामा मात्र एक सय आठजना सादा पोसाकका प्रहरीलाई नियमित ड्युटीमा खटाउन थालिएको छ। काठमाडौं उपत्यका प्रहरी कार्यालयका एसपी अवदेश विष्टका अनुसार शुक्रबारदेखि नै सादा पोसाकका सबैलाई नियमित ड्युटीमा खटाउन थालिएको छ।

विगतमा पनि वेलावेलामा गृह र प्रहरी प्रधान कार्यालयबाट यस्ता प्रहरी हटाउने निर्णय हुँदै आएको छ। गत वर्ष प्रहरी प्रधान कार्यालयले सादा पोसाकका प्रहरीलाई व्यवस्थित गर्न तत्कालीन डिआइजी (हाल एआइजी) टेकप्रसाद राईको नेतृत्वमा अध्ययन समिति गठन गरेको थियो। समितिले सादा पोसाकमा कसैलाई खटाउन माथिल्लो निकायको अनुमति लिनुपर्ने र असल चालचलन भएका प्रहरीलाई मात्र सूचना संकलनका लागि सादा पोसाकमा खटाउन सकिने सुझाव दिएको थियो। सोहीअनुसार नयाँ निर्देशिका बनाएर कार्यान्वयन हुँदै आएको छ। यद्यपि, कार्यालय प्रमुखहरूले आफ्नो व्यक्तिगत लाभका लागि सादा पोसाकमा प्रहरी परिचालन गर्ने प्रवृत्ति अझै रोकिएको छैन।

नौ इन्टरनेट...

पृष्ठ १ बाट क्रमशः

रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषबापत सरकारलाई बुझाउनुपर्ने बक्यौता करिब तीन अर्ब भएको देखाएको छ,' प्राधिकरण उच्च स्रोतले भन्यो। ब्याजसहित जोडेर बक्यौता निर्धारण गरिएको हो। अध्ययन प्रतिवेदन गोप्य राखिएको छ।

प्राधिकरणले यकिन गरेको बक्यौता पनि आव ०७८/७९ सम्मकै हो। गत आव ०७९/८० को आर्थिक विवरण (फाइनान्सियल स्टेटमेन्ट) प्राप्त भइनसकेकाले त्यसको हिसाब जोडिनै बाँकी रहेको स्रोतको भनाइ छ।

परामर्शदाताको प्रतिवेदन स्वीकार गरेर प्राधिकरणले अहिले बक्यौता असुलीका लागि सेवा प्रदायकहरूलाई पत्राचार गरिरहेको छ। 'केहीलाई बक्यौता असुलीका लागि पत्राचार भइसकेको छ, केहीलाई पठाइँदै छ, क्रमशः सबैलाई पठाइन्छ,' प्राधिकरणका एक उच्च अधिकारीले भने। तर, वर्ल्डलिंकलगायतका सेवा प्रदायकले बक्यौता तिर्न अटेर गरिरहेका छन्।

सञ्चार मन्त्रालयले इन्टरनेट सेवा प्रदायकहरूसँग फाइनान्सियल स्टेटमेन्ट मागेको छ। तर, सबैले बुझाएका छैनन्। बुझाएकाको हकमा त्यसको विश्लेषण गरेर बक्यौता असुलीको प्रक्रियामा प्राधिकरण अघि बढेको छ। हालसम्म कुनै पनि प्रदायकले बक्यौता बुझाएका छैनन्। 'प्राधिकरणले यकिन गरेअनुसारको बक्यौता हालसम्म कसैले पनि तिरेका छैनन्,' स्रोत भन्छ।

प्राधिकरणले निकाल्यो मन्त्रालयको छानबिन समितिले औंल्याएभन्दा बढी बक्यौता

सञ्चार मन्त्रालयले औंल्याएभन्दा बढी बक्यौता प्राधिकरणले नै यकिन गरिदिएपछि इन्टरनेट सेवा प्रदायकहरू झन् असहज अवस्थामा पुगेका छन्। उनीहरूले सरकारलाई बुझाउनुपर्ने कर नबुझाएको भन्दै गत १६ साउनमा राजस्व चुहावट तथा सरकारी हानि-नोक्सानीउपर छानबिनका लागि उजुरी परेपछि मन्त्रालयले छानबिन समिति गठन गरेको थियो। सहसचिव गौरव गिरीको संयोजकत्वमा गठित समितिले गत २४ भदौमा मन्त्रालयमा प्रतिवेदन बुझाएको थियो।

प्रतिवेदनअनुसार नौ सेवा प्रदायकले एक अर्ब ५० लाख ६ हजार एक सय ६१ रुपैयाँ रोयल्टी र ६० करोड ४५ लाख ३४ हजार नौ सय २४ रुपैयाँ दूरसञ्चार विकास कोषको रकम बुझाएका छैनन्। कानुनबमोजिम समयमा नतिर्दा जरिवानाबापत रोयल्टीमा ५० करोड ६५ लाख ९४ हजार आठ सय २४ र दूरसञ्चार विकास कोषमा ३५ करोड २९ लाख २४ हजार ६९ रुपैयाँ थपिएको छ। रोयल्टी नेपाल सरकारको र दूरसञ्चार विकास कोषको रकम प्राधिकरणकै खातामा जम्मा हुन्छ। दूरसञ्चार प्राधिकरण र सेवा प्रदायकबीचको मिलेमतोमै कर छली भएको समितिको निष्कर्ष छ।

समितिले विभिन्न ११ इन्टरनेट सेवा प्रदायकहरूले गरेको राजस्व चुहावट तथा सरकारी हानि-नोक्सानीबारे अध्ययन, मूल्यांकन तथा विश्लेषण गरेको थियो। त्यसक्रममा टेलनेट इन्टरनेट प्राली र डिस मिडिया नेटवर्क लिमिटेडले मात्रै रोयल्टी र दूरसञ्चार कोषबापतको सबै रकम चुक्ता गरेको पाइएको थियो। 'बाँकी नौवटा सेवा प्रदायकको हकमा प्राप्त कागजातहरूका आधारमा तयार भएको गणना तालिकाअनुसार प्राप्त कागजात सार्वजनिक लेखा समितिमा पुनरावलोकन र पुनः निर्देशनका लागि मन्त्रालयबाट गरिएको अनुरोध तथा सम्मानित सर्वोच्च अदालतबाट भएको अन्तरकालीन अन्तरिम आदेशबमोजिमको रकमलाई घटाई, तत्पश्चात् रोयल्टी र दूरसञ्चार कोषबापत दुई प्रतिशत थप दस्तुरसहित दुई अर्ब ४६ करोड ९० लाख ५९ हजार नौ सय ७८ रुपैयाँ दाखिला गर्न बाँकी देखिन आएको छ,' प्रतिवेदनमा छ।

प्राधिकरणबाट नियुक्त परामर्शदाताले बक्यौता रकम तीन अर्ब हाराहारी रहेको देखाएको छ। नौवटै सेवा प्रदायकले तिर्न बाँकी बक्यौता पनि बढेको छ। 'करिब अढाई अर्ब देखिएको बक्यौता प्राधिकरणको अध्ययनमा तीन अर्ब पुगेको छ। सबै सेवा प्रदायकको तिर्नुपर्ने रकम बढी देखिएको छ,' स्रोतले भन्यो।

रोयल्टी राजस्व तथा दूरसञ्चार कोषको रकम नियमअनुसार दाखिला नभएका कारण राजस्व चुहावट तथा सरकारी हानि-नोक्सानी भएको समितिले औंल्याएको छ। 'संलग्न तालिका, विवरण एवं तथ्य तथ्यांकहरूका आधारमा उजुरीमा उल्लेख भएअनुरूपका ११ मध्ये नौवटा सेवा प्रदायकहरूले बर्सेनि दाखिला गर्नुपर्ने रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास कोषको रकम कानुनले निर्धारण गरेबमोजिम नगरेको देखिन आउँछ,' प्रतिवेदनको निष्कर्षमा भनिएको छ।

सेवा प्रदायकहरूको आयमा उल्लेख्य वृद्धि हुनु, तर रोयल्टी राजस्व घट्दै जानु चिन्ताजनक भएको प्रतिवेदनमा उल्लेख छ। 'विगत १० वर्षमा 'फिक्स्ड ब्रोडब्यान्ड इन्टरनेट पेनिट्रेसन' सारभूत रूपमा वृद्धि भएको, इन्टरनेट प्रयोगकर्ता ग्राहकको संख्या पनि सोही अनुपातमा वृद्धि भइरहँदा इन्टरनेट सेवा प्रदायकहरूको आयमा उल्लेख्य वृद्धि भएको छ। तर, रोयल्टी राजस्वमा विगत सात वर्षमा ह्रासोन्मुख वृद्धि भई राजस्व आम्दानी घट्न गएको देखिएको तथ्यांकहरूले नै प्रमाणित गरेको छन्,' प्रतिवेदनमा छ।

इन्टरनेट सेवा प्रदायकहरूले प्रचलित लेखामानबमोजिम पेस गरेका आय विवरणहरूमा एकरूपता नरहेको, प्रचलित कानुन र लेखा मापदण्डले निश्चित गरेभन्दा फरक गरी दूरसञ्चार तथा इन्टरनेट सेवाबाट प्राप्त कुल आय लुकाउने र छिपाउने गरी आम्दानीका शीर्षकहरू टुक्र्याएको देखिएको, कतिपय अवस्थामा आय विवरणलाई तोडमोड गरेकोसमेत देखिएको प्रतिवेदनमा उल्लेख छ। कम बुझाएको रोयल्टी राजस्व र दूरसञ्चार कोषको रकम तत्काल असुलउपर गर्नुपर्ने सुझाव समितिले दिएको थियो। दूरसञ्चार प्राधिकरण र सेवा प्रदायकबीचको मिलेमतोविना चुहावट सम्भव नभएको भन्दै समितिले प्राधिकरणका कर्मचारी, पदाधिकारी र नेतृत्वको कार्यशैलीमाथि प्रश्न उठाएको थियो।

असुलउपर गर्न छुट्याइएको रोयल्टी राजस्व र दूरसञ्चार कोषको रकम शीघ्र असुलउपर गर्न लगाइनुपर्ने राय समितिले दिएको थियो। इन्टरनेट सेवा प्रदायकको कर छलीमा सहयोग पुग्ने गरी साथ दिएपछि सार्वजनिक लेखा समितिका तत्कालीन पदाधिकारीमाथि पनि प्रश्न उठेको छ। कर छली विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पनि छानबिन जारी छ।

नाका खोल्ने...

पृष्ठ १ बाट क्रमशः

पुष्पकमल दाहाल प्रचण्डसँग १० असोजमा ल्हासामा भएको भेटमै तिब्बत सरकारले सबै परम्परागत नाका खोल्ने जनाएको थियो।

नेपाल र तिब्बत जोडिएका तातोपानी, रसुवा र हिल्सा नाका अन्तर्राष्ट्रिय नाकाका रूपमा सञ्चालन भइसकेका छन्। प्रचण्डकै भ्रमणका वेला किमाथांका र ओलाङचुङगोला नाका द्विपक्षीय व्यापारिक प्रयोजनका लागि खोल्ने चिनियाँ प्रतिबद्धता थियो। पूर्वाधार अभावका कारण पूर्ण क्षमतामा यी नाका सञ्चालन हुन सकेका छैनन्।

नेपालको चीन जोड्ने गेटवेका रूपमा तिब्बतसँगको सम्बन्धलाई नेपालले उच्च महत्त्व दिएको छ। उपप्रधानमन्त्री श्रेष्ठले काठमाडौं र ल्हासाबीच बस सेवा सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए। तिब्बत पार्टी सचिव वाङले यसमा चीन सरकार सकारात्मक भएको बताएका थिए। तिब्बत सचिव वाङलाई चीन सरकारले नेपाल-चीन सम्बन्धका लागि इन्चार्ज तोकेको छ। उपप्रधानमन्त्री श्रेष्ठले नेपाली ट्रक एवं सवारीचालकलाई तिब्बत जाने प्रवेश अनुमतिपत्रको व्यवस्था गर्न, सीमा क्षेत्रमा नेपाली पशुहरूलाई तिब्बती क्षेत्रमा चरिचरनका लागि सहजीकरण गर्न अनुरोध गरेका थिए। सवारी पासका विषयमा तिब्बत सरकारले आवश्यक गृहकार्य गर्ने आश्वासन दिएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २०२७/०२/०२

स्वर्गारोहण
वि.सं. २०८०/१२/०५


स्व. मिन बहादुर डंगोल

यस संस्थामा कार्यरत कर्मचारी मिन बहादुर डंगोलको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोक सन्तप्त परिवारप्रति परमात्माले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी कामना गर्दछौं।

गुडविल फाइनान्स परिवार

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सः १९५१ असार २५ गते

स्वर्गारोहण
वि.सः २०८० चैत्र ०५ गते

स्व. कलाधर उपाध्याय

यस संस्थाका संस्थापक अध्यक्ष तथा सञ्चालक श्री धन प्रसाद शर्मा ज्यू का पुजनिय पिता साथै शेयर सदस्य, श्रीमती शारदा शर्मा ज्यू का ससुरा बुवा जैमिनी ०८ छिस्ती बाग्लुङ, जन्म स्थान भै हाल कञ्चन ०१ रुपन्देही निवासी स्व. कलाधर उपाध्यायको मिति २०८० चैत्र ०५ गते सोमबारका दिन असामयिक निधन भएकोले हामी मर्माहित एवम स्तब्ध भएका छौं। आज १३ औं दिनको पुन्य तिथीमा दिवंगत आत्माको परमधामको कामना गर्दै सम्पूर्ण शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

आईएमई को-अपरेटिभ सर्भिस लिमिटेड परिवार
कान्तिपथ, काठमाण्डौं

IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९५१/०३/२५

स्वर्गारोहन
वि.सं. २०८०/१२/०५

स्व. कलाधर उपाध्याय

हाम्रा सहकर्मी मित्र श्री धनप्रसाद पौडेलको पुजनीय पिता श्री कलाधर उपाध्यायको असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै, यस अकल्पनीय क्षणमा शोक सन्तप्त सम्पूर्ण परिवारजनमा धैर्यधारणको कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछौं।

IME group pioneering spirit
IME
IME pay



यस भक्तपुर अस्पतालका पूर्व-कर्मचारी (हाल धादिङ अस्पताल) क. जनरल सर्जन

डा. प्रतिभा धौभडेलको

३४ वर्षको अल्पायुमा मिति २०८०/१२/१५ गते असामयिक, आकस्मिक निधन भएको खबरले स्तब्ध बनाएको छ। दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद् घडीमा शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

भक्तपुर अस्पताल परिवार

नेरुडे मिर्मिरे लघुवित वित्तीय संस्था लि.
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट ग वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था
केन्द्रीय कार्यालय : बनेपा नगरपालिका-८, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२३११/१२, E-mail : info@mirmirebank.com.np
Website : www.mirmirebank.com.np

प्रस्तावना पत्र पेश गर्ने बारेको सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१२/१७ गते

मिति २०८० फागुन ३० गतेबाट साविक नेरुडे लघुवित्त वित्तीय संस्था लि. र साविक मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. एक भई नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्थाको नामबाट लघुवित्त सेवा प्रदान गरिरहेको यस संस्थामा आवद्ध ऋणी सदस्यहरुको लघुकर्जा म्यादी जीवन बीमा कार्य गर्न बीमा कम्पनी निर्युक्तिको लागि प्रस्तावना पत्र पेश गर्ने बारेमा सरोकार बीमा कम्पनीहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बीमा प्राधिकरणबाट इजाजत पत्र प्राप्त गरेका इच्छुक बीमा कम्पनीहरुले मिति २०८०/१२/२३ गते कार्यालय समय भित्र गोप्य सिलबन्दीमा प्रस्ताव पत्र पेश गर्नको लागि आव्हान गरिन्छ।

थप विवरण तथा सर्त बन्देजहरुको बारेमा जानकारीको लागि संस्थाको आधिकारिक आशय पत्र सहित insurance@nerudemirmire.com.np मा इमेल मार्फत पत्राचार गरी प्राप्त गर्न सक्नुहुनेछ।


नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार १७ चैत ०८०
nayapatrikaofficial @naya_patrika

शंकालु सम्बन्ध

यतिवेला एमाले अध्यक्ष ओली र एकीकृत समाजवादीका अध्यक्ष नेपाल आरोप-प्रत्यारोप त्यागेर सम्बन्ध सुधारको बाटोमा छन्

सम्बन्ध

● प्रेम गौतम



०७६ सालमा स्थापित नेपाल कम्युनिस्ट पार्टी छिन्नभिन्न थियो। २०२८ मा मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ, मोहनविक्रम सिंहलगायतका नेताहरूको सक्रियतामा केन्द्रीय न्युक्लियस गठन गरेर एकताको प्रयास गरेका थिए। न्युक्लियसले संस्थापक महासचिव पुष्पलाल श्रेष्ठसँग पनि वार्ता गरेको थियो। तर, सहमति जुट्न सकेन। कम्युनिस्ट आन्दोलन थप चिरा पऱ्यो। त्यही वेला पूर्व कोशी प्रान्तीय कमिटीअन्तर्गतको झापा जिल्ला कमिटीले सशस्त्र संघर्ष गर्ने निर्णय गऱ्यो। २१ फागुन २०२९ मा इलामको सुखानीको जंगलमा रामनाथ दाहालसहित पाँचजना क्रान्तिकारीको हत्या भएपछि झापामा कम्युनिस्ट आन्दोलन छिन्नभिन्न हुनपुग्यो। झापाका तत्कालीन सचिव केपी ओली भूमिगत हुँदै विराटनगर पुगे। त्यतिवेला माधवकुमार नेपाल मोरङ जिल्ला कमिटीमा थिए। नेपाल बैंकमा जागिरेसमेत रहेका नेपालले ओलीलाई सेल्टर दिएका थिए। ओली र नेपालबीच पहिलो भेट भएको त्यहीं हो। 'उहाँहरूको पहिलो भेट विराटनगरमा भएको हो,' दुवै नेतासँग सहकार्य गरेका एमाले नेता मुकुन्द न्यौपाने स्मरण गर्छन्,'झापामा आन्दोलन छिन्नभिन्न भएपछि मोहनचन्द्र अधिकारीलाई खोज्दै केपी मोरङ आउनुभएको थियो, त्यसक्रममा ओली र नेपालको भेट भएको हो।'

चैत पहिलो साता काभ्रेमा आयोजित एकीकृत समाजवादीको जिल्ला अधिवेशनमा नेपालले ओलीसँगको सम्बन्ध स्मरण गरे। उनले भने,' ओलीसँगको सम्बन्ध हिजोआजको होइन। ५० वर्ष पुरानो सम्बन्ध हो।'

राजनीतिक पृष्ठभूमि

ओली २००८ फागुन ११ मा तेह्रथुममा जन्मिए। उनीभन्दा एक वर्ष १२ दिन कान्छा नेपाल रौतहटको गौरमा २००९ फागुन २३ मा जन्मिए। नेपालले प्रवेशिकासम्मको शिक्षा सहज ढंगले स्थानीय जुद्धोदय हाई स्कुलबाट लिए। बाल्यकालमै आमा गुमाएका ओलीको परिवार झापा झऱ्यो। चारपानेस्थित रामनाथ दाहालको घरमा बसेर गरिबी र अभावसँग जुध्दै ओलीले प्रवेशिकासम्मको अध्ययन गरे। मार्क्सवादी चेतका दाहालसँगको संगतबाट २०२३ सालमै ओली मार्क्सवादी अध्ययन दलमा आबद्ध भई विद्यार्थी आन्दोलनमा होमिएका थिए।

मार्क्सवादी आन्दोलनमा झुकाव राख्ने नेपाल २०२२ तिरै वीरगन्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा आइकम अध्ययन गर्ने क्रममा विद्यार्थी राजनीतिमा संगठित भए। स्थान फरक भए पनि दुवै नेता एउटै समयतिर कम्युनिस्ट आन्दोलनमा होमिए । राजनीतिक गुरु रामनाथकै पहलकदमीमा ओलीले पूर्वी कोशी प्रान्तीय कमिटीअन्तर्गतको झापा जिल्ला कमिटीबाट र नेपालले नेकपा पुष्पलाल समूहबाट ०२६ सालमा पार्टी सदस्यता लिए। नेपाल ०२८ मा नेकपा क्रान्तिकारी संगठन मोरङको सदस्य भए। ०३२ मा कोअर्डिनेसन केन्द्रको संस्थापक सदस्य हुँदै ०३२ मा दुई वर्ष राजकाज मुद्दामा कारावास जीवन व्यतीत गरे। उनी ०३५ मा मालेको संस्थापक पोलिटब्युरो सदस्य बने।

ओली भने, ०२८ सालमै वर्गशत्रु खत्तम आन्दोलन चलाएर ०३० साउनमा जेल परिसकेका थिए। भारतबाट फर्किने क्रममा वीरगन्जमा मुकुन्द न्यौपानेलाई भेटेर फर्किँदै गर्दा ओली र मोहनचन्द्र अधिकारी रौतहटबाट पक्राउ परे। ओलीले १४ वर्षसम्म कष्टपूर्ण जेलजीवन बिताए।

पानी बाराबारको अवस्था

नयाँ समीकरण बनेपछि ओली-नेपाल आरोप-प्रत्यारोपको शृंखला बन्द भएको छ। जब कि, त्यसअघि ओली-नेपालले एक-अर्कालाई उछित्तो नकाढेको कुनै भाषण थिएन। जब कि, एक दशकदेखि उनीहरूबीचको सम्बन्ध कटुतापूर्ण छ। दोस्रो संविधानसभा निर्वाचनपछि तत्कालीन अध्यक्ष झलनाथ खनाल- वरिष्ठ नेता नेपाल नजिकिँदा प्रभावशाली नेता ओली र उपाध्यक्ष वामदेव गौतम अर्को कित्तामा उभिए। नेपालको दह्रो समर्थनको बाबजुद खनाल दलको नेतामा पराजित भए। लगत्तै नवौं महाधिवेशनमा नेपाललाई ५५ मतले पराजित गर्दै ओली पार्टी सत्ताको बागडोर सम्हाल्न पुगे। त्यसपछि एमालेभित्र शक्तिसन्तुलन बदलियो। ओली गुटबाट पार्टी नेतृत्वमा पुगे भने नेपाल उनकै शैली पछ्याउँदै गुट बलियो बनाउनतिर लागे। त्यसयता ओली-नेपाल सम्बन्ध सुमधुर बन्न सकेको छैन।

२०७४ को निर्वाचनमा एमाले र माओवादीबीच गठबन्धन भयो। एमाले र माओवादीबीच ६०-४० को भागबन्डा हुँदा नेपाल पक्ष ओझेलमा पऱ्यो। आफ्नो पकड क्षेत्र रोजेर ओलीले माओवादीका लागि सिट छुट्याएको नेपालको आरोप छ। उम्मेदवारी दर्ता गर्न पुगेका कतिपय नेताको मनोनयन ओलीले केन्द्रबाटै फिर्ता लिइदिए। ओलीको उक्त कदमप्रति नेपालले त्यतिवेलै सार्वजनिक मञ्चबाट असन्तुष्टि जनाएका थिए। ३ जेठ २०७४ मा एमाले र माओवादी एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बन्यो। दुई अध्यक्षपछिको वरिष्ठ नेताको वरीयतामा कहिले तेस्रो त कहिले चौथो बनाएर झेल गरियो भन्दै नेपाल ओलीसँग थप रुष्ट बन्दै गए।

नेकपा कालमा पनि ओली-नेपाल सम्बन्धमा सुधार आएन। ओलीले नेकपाकालमा 'एकताको महाधिवेशनपछि तपाईं नै अध्यक्ष हुनुहोस्, मेरो साथ रहन्छ। तपाईंका मान्छेको नाम दिनुहोस्, कसलाई कहाँ राख्नुपर्ने हो, सहकार्य गरौं भन्ने प्रस्ताव नगरेका होइनन्। तर, नेपालले ओलीको विश्वसनीयतामाथि प्रश्न उठाएर अर्का अध्यक्ष प्रचण्डसँग नजिकिए। ओलीले नेपाललाई विधानमै नभएको तेस्रो अध्यक्षको प्रस्ताव पनि गरे। तर, पनि कुरा मिलेन। ओली र प्रचण्ड-नेपाल समूह समानान्तर गतिविधिदेखि एकले अर्कालाई कारबाहीसम्मको प्रतिस्पर्धा चल्यो।

५ पुस २०७७ मा तत्कालीन प्रधानमन्त्री ओलीले संसद् विघटन गरेपछि प्रतिगमनको संज्ञा दिँदै त्यसविरुद्ध नेपाल सडक आन्दोलन गर्न पुगे। 'हामी यहाँ छौं' भन्दै माइतिघर मण्डलामा धर्ना दिए। प्रचण्ड-नेपाल समूहले ओलीलाई अध्यक्षबाट कारबाही गर्दै ओलीको ठाउँमा नेपाललाई अध्यक्ष बनायो। ओलीले पनि कारबाहीको डन्डा चलाए। नेकपाकालमा दाहाल-नेपाल समूहका अध्यक्ष नेपालले २०७७ फागुनमा शिक्षकहरूको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै भनेका थिए, 'केपी ओलीलाई प्रधानमन्त्री पदबाट नहटाएसम्म अर्को लडाइँ हामी जितदैनौं। ओलीलाई कम्युनिस्ट पार्टीको कुनै माया छैन। ओली भनेको मदन भण्डारी फाउन्डेसन गुटको नेता हो। बालुवा पेलेर तेल निस्किनु र केपी ओली सुध्रिनु एउटै हो। ओलीमा रहेको एकाधिकारवादी प्रवृत्ति, निरंकुश प्रवृत्ति, व्यक्तिवाद, बहुमतको निर्णय नमान्ने, बैठक बोलाउनै नचाहने, बैठकमा उपस्थित नै नहुने। ओली एमाले नै होइनन्, बिमाले, सीमाले हुन्। नेपाली संस्कार विनम्रताको संस्कार हो, केपी ओलीको जस्तो संस्कार होइन। जसलाई पनि मानमर्दन गर्ने, अरूको मानहानी गर्नेहरूलाई होच्याउने। ओली प्रवृत्ति हिटलरी हो।' जवाफमा ओलीले भनेका थिए, 'नेपाल प्रचण्डको एक मामुली कार्यकर्ता हुन्।' अदालतले ओलीको कदमलाई असंवैधानिक ठहर गऱ्यो।

केपी ओलीले संसद् विघटन गरेपछि माधव नेपालले भनेका थिए, 'ओलीलाई कम्युनिस्ट पार्टीको कुनै माया छैन। बालुवा पेलेर तेल निस्किनु र केपी ओली सुध्रिनु एउटै हो।' जवाफमा ओलीले भनेका थिए, 'नेपाल प्रचण्डको एक मामुली कार्यकर्ता हुन्।' तर, अहिले परिस्थिति फेरिएको छ।

५ पुस २०७७ मा संसद् विघटनपछि तत्कालीन नेकपा विभाजनसँगै एमालेभित्र चर्किएको अन्तरविरोधको समाधान खोजेर पार्टी विभाजन रोक्न ओली-नेपालबीच ९ वैशाख ०७८ मा मेरियट होटेलमा अन्तिम औपचारिक भेटवार्ता भयो। तर, उक्त प्रयास सफल भएन। वार्ताका लागि ओलीले नेपाललाई मेरियट होटेलमा बोलाए पनि वार्ता गर्नुको साटो ओलीले नेपाललाई मेरियटको माथिल्लो तल्लाबाट काठमाडौंको दृश्यावलोकन गर्न आग्रह गरेका थिए। त्यस क्षणमा नेपालले आफ्नो अपमान ठाने पनि ओलीको स्वभाव बुझेर नेपाल आफू बसेको सोफाबाट उठेर ओलीसँगै दृश्यावलोकन गरेको निकटस्थहरूलाई बताएका थिए।

सर्वोच्च अदालतको फैसलाबाट २९ असार ०७८ मा शेरबहादुर देउवा प्रधानमन्त्री बने। दल विभाजनसम्बन्धी अध्यादेशसँगै ९ भदौ ०७८ मा पुग्दा एमाले विभाजित बन्यो। दुवै नेताबीच आपसी तिक्तता चुलियो, सार्वजनिक मञ्चमा दुवै गालीगलोजमा उत्रिए।

ओलीले 'माधव नेपालको नाम लिए मुख कुल्ला गर्नुपर्ने'सम्म बताए भने नेपालले ओली राजावादी कित्तामा पुगेको भन्दै 'बयलगाडा'सम्मको विषय उठाए। केन्द्रीय कमिटी बैठकमा नेपालले भनेका थिए, 'नेपालमा राजतन्त्र ढल्नु र बयलगाडा चढेर अमेरिका पुग्नु उस्तै हो' भनेको तपाईं हामीले सुनेको होइन। त्यस्तो व्यक्तिले कम्युनिस्ट आन्दोलनको रक्षा गर्न सक्छ ?' ०७८ भदौमा एमाले रुपन्देहीको जिल्ला भेलालाई सम्बोधन गर्दै ओलीले भनेका थिए, 'माधव नेपाल कमरेड होइनन्, एमालेविरोधी, जनविरोधी अपराधी हुन्। माधव नेपाल भिँगा र एमाले मौरी हो। मौरीको साथ लगाएर जाँदा बर्गैचामा पुगिन्छ, भिँगाको साथ लाग्दा फोहोरको डंगुरमा पुगिन्छ।'

> नयाँ समीकरणमा एकीकृत समाजवादीलाई पनि सहभागी गराउन ओली तयार भए। तर, नेपालले सहजै मानेनन्। ओली र प्रचण्डले थुप्रै पापड पेल्नुपऱ्यो। तीन नेताबीच टेलिफोनवार्तादेखि प्रत्यक्ष भेटघाटसम्मको शृंखला चल्यो।

सम्बन्ध सुधारको प्रयास

पार्टी विभाजनको १० महिनापछि पानी बाराबारकै बीचमा ओली-नेपालबीच २४ चैत २०७८ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो जम्काभेट भयो। ओली सिमरा हुँदै वीरगन्जमा पार्टी कार्यक्रममा जाँदै थिए भने नेपाल भैरहवा हुँदै कपिलवस्तुमा समाजवादीको पार्टी कार्यक्रममा जाँदै थिए। टर्मिनलस्थित भिआइपी कक्षमा ओली बसिरहेकै वेला नेपाल पुग्दा दुवैले एक-अर्कालाई देखेर असहज महसुस गरेका थिए। आमनेसामने बनेका उनीहरूबीच हेराहेर भए पनि शिष्टाचारका लागि दुवैले नमस्कारसमेत गरेनन्। केहीबेरको हेराहेरपछि नेपालले मौनता तोड्दै 'के छ खबर ?' भनी ओलीलाई सोधेका थिए। जवाफमा ओलीले 'ठीकै छ', मात्रै भनेका थिए।

त्यसपछि दोस्रो जम्काभेट २४ मंसिर २०७८ मा नेपाली कांग्रेसको १४औं महाधिवेशन उद्घाटन सत्रमा भृकुटीमण्डपमा भयो। दुवै नेता आमनेसामने त भए, तर बोलचाल गरेनन्। गत निर्वाचनमा एकले अर्कालाई सक्दो गाली गरे। तर, निर्वाचनपछि गठबन्धन फेरियो। एमाले-माओवादी समीकरणबाट प्रचण्ड प्रधानमन्त्री बने। ओलीकै कारण एकीकृत समाजवादी सत्ताबाहिर बस्यो। उक्त गठबन्धन केही समयमै भत्किएको। राष्ट्रपति निर्वाचनमा एमालेले औपचारिक रूपमा एकीकृत समाजवादीलाई पार्टीको मान्यता थियो। राष्ट्रपति निर्वाचनमा एमालेलाई सघाउन वा एमालेको समर्थनमा राष्ट्रपति बन्न आग्रह गर्दै आफू कोर्स करेक्सनका लागि तयार रहेको नेपालाई सन्देश पठाए। तर, नेपालले ओलीलाई विश्वास गरेनन्। एमालेपंक्ति भने त्यतिवेला नेपालले कम्युनिस्ट आन्दोलन एकताबद्ध बनाउने एउटा ठूलो अवसर नेपालले गुमाएको चर्चा गर्ने गर्छन्। १५ महिनाको बीचमा सत्ता समीकरण तीनपटक फेरियो। यसपटक पनि नयाँ समीकरण बनेको नेपालले पत्तै पाएनन्। तर, यहाँसम्म आइपुग्दा ओली निकै नरम भइसकेका थिए। नयाँ समीकरणमा एकीकृत समाजवादीलाई पनि सहभागी गराउन ओली तयार भए। तर, नेपालले सहजै मानेनन्। ओली र प्रचण्डले थुप्रै पापड पेल्नुपऱ्यो। तीन नेताबीच टेलिफोनवार्तादेखि प्रत्यक्ष भेटघाटसम्मको शृंखला चल्यो। ओली र नेपालबीच मात्रै पनि छलफल भयो। नेपाल र ओली आरोप-प्रत्यारोप त्यागेर सम्बन्ध सुधारको बाटोमा छन्।

'राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैनन्' भन्ने उक्तिलाई दुई नेताले चरितार्थ गर्दै छन्। गत फागुन अन्तिम साता अनेमसंघ समाजवादीले गरेको कार्यक्रममा नेपालले त्यही शब्द भने, 'राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैन।' उनले ओलीले सम्बन्ध सुधार्न चाहे पनि आफूले व्यवहारमा हेर्न चाहेको बताए। ओली निकै लचक बनेका छन्। यसबीचमा नेपाललाई भेट्न ओली आफैं नेपालनिवास कोटेश्वर मात्रै पुगेनन्, पटक-पटक टेलिफोन वार्ता र भेट पनि गरे। राष्ट्रिय सभा उपाध्यक्षमा नेपालले एकीकृत समाजवादीको दाबी गरेपछि सहमतिको बुँदाबाट उपाध्यक्षको विषय नै हटाउनसमेत ओली तयार भए। जब कि, राष्ट्रिय सभा उपाध्यक्ष एमालेलाई दिने सहमति त्यसअघि चार दलले गरेका थिए। कतिपयले पछिल्लो गतिविधिलाई पूर्वएमाले एकताको रूपमा लिएका छन्। तर, दुवै पार्टीका नेताहरू एकताको विषयमा भने प्रवेश नगरेको, तर सम्बन्ध सुधारको बाटोमा रहेको बताउँछन्।

एमाले उपमहासचिव विष्णु रिमाल एउटै गठबन्धनमा भएपछि कार्यगत एकता भएको र तिक्तता नबढाउने पक्षमा एमाले रहेको बताउँछन्। रिमाल भन्छन्, 'तिक्तता नबढाउने भन्ने हो। सुरुमा हामीले दलको मान्यता पनि दिएका थिएनौं। जनमत पाइसकेपछि हामीले दल स्वीकार गर्यौं। राष्ट्रपति निर्वाचनमा कि हामीलाई मत दिनुस् कि हाम्रो समर्थनमा राष्ट्रपति बन्नुस् भनेर सम्बन्ध सुधारको प्रयास गरेकै हो। तर, त्यो सफल भएन। अहिले हामी एउटै गठबन्धनमा छौं, त्यसकारण सहकार्यमा छौं। पार्टी एकताकै विषयमा भने कुरा अघि बढेको छैन।'

दुवै नेतासँग नजिकबाट संगत गरेका पत्रकार शम्भु श्रेष्ठ भन्छन्, 'ओली नेपाललाई सिध्याउनमै केन्द्रित छन्। तर, नेपालले त्यो कुरा बुझेकै छैनन्। नेपालले 'पर्ख र हेर'को नीति लिएका छन्। ओलीले नेपाललाई प्रधानमन्त्री बनाउँदैनन्। नेपालले पनि ओलीलाई विश्वास गरेका छैनन्।'

एकीकृत समाजवादीका उपाध्यक्ष केशवलाल श्रेष्ठ ओली-नेपाल सम्बन्ध सकारात्मक दिशामा अगाडि बढेको बताउँछन्। श्रेष्ठ भन्छन्,'दुई नेताबीच पानी बाराबारको अवस्था थियो। विगतमा विचार र नेतृत्वमा समस्या भयो। अहिले सम्बन्ध सुधारको दिशामा अगाडि बढ्यो। मुलुकको राजनीति नयाँ कोर्समा अगाडि बढेसँगै ओली-नेपालको सम्बन्ध पनि सकारात्मक दिशामा अगाडि बढ्यो।'

संकटका सारथि

नेपाल र ओली संकटका सारथि हुन्। चितवनको दासढुंगामा रहस्यमयी जिप दुर्घटनामा जननेता मदन भण्डारीको निधनपछि ओलीकै प्रस्तावमा नेपाल महासचिव बने। नेपालले पनि ओलीलाई सचिव बनाउन चाहेका थिए। तर, ओलीले नभएको पद खडा गरेर सचिव बन्न रुचि देखाएनन्।

२०५१ को मध्यावधि निर्वाचनमा एमाले पहिलो पार्टी बन्यो। चुनावी कमान्ड कार्यकारी महासचिव नेपालले नै हाँकेका थिए। तत्कालीन अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार गठन भयो। त्यो सरकारमा नेपाल दोस्रो वरीयतामा उपप्रधानमन्त्री, रक्षा तथा परराष्ट्रमन्त्री बने भने ओली तेस्रो वरीयताको गृहमन्त्री।

एमालेको नौमहिने सरकार ढल्यो। नेपाल पूर्ववत् महासचिवको जिम्मेवारीमा फर्किए। सरकारमा जाँदा नेपालले उपमहासचिव बनाएर वामदेव गौतमलाई पार्टी सञ्चालनको जिम्मा दिएका थिए। नेपाल पार्टी काममा फर्किएपछि ओलीकै जोडमा गौतमलाई हटाएर उपमहासचिव पद नै खारेज गरियो। त्यसबाट अपमानित महसुस गरेका गौतमले २०५३ फागुनमा नेपाललाई महासचिवबाट हटाउन हस्ताक्षर अभियान सञ्चालन गरेका थिए। नेपाललाई हटाउन नहुने पक्षमा ओली दृढतापूर्वक उभिए।

२०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले निरंकुश शासन सुरु गरेपछि नेपाल तीन महिनासम्म घरमै नजरबन्दमा परे। पछि उनलाई ककनी हिरासतमा राखियो। ओलीलाई भने निवासमा तीन दिनको नजरबन्दपछि मुक्त गरिएको थियो। त्यतिवेला ओलीनिकट नेताहरू शंकर पोखरेल, प्रदीप ज्ञवाली, भानुभक्त ढकाललगायत नेपाललाई हटाएर खनाललाई महासचिव बनाउनुपर्ने प्रस्ताव लिएर ओलीनिवास पुगेका थिए। त्यतिवेला पनि ओली नेपालकै पक्षमा उभिए।

२०६७ मा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार हटिसकेपछि नेपाललाई प्रधानमन्त्री बनाउन र सरकारलाई बचाउन अन्तिम घडीसम्म ओली रक्षाकवचको रूपमा उभिए।

नेपालले पनि ओलीलाई गुण तिरेका छन्। ०६२/०६३ को जनआन्दोलनमा ओलीको भूमिका थिएन। ०५९ असोज १८ को शाही कदम र पछिल्लो १९ माघको निरंकुश कदमको विरोधमा ओली सडक आन्दोलनमा थिएनन्। तर, जनआन्दोलनको सफलतापछि बनेको तत्कालीन गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारमा पार्टीका तर्फबाट नेतृत्व गर्ने गरी ओलीलाई सरकारमा पठाइयो। जब कि, २०६३ वैशाख १५ को स्थायी समिति बैठकमा अधिकांश नेताले ओलीलाई सरकारमा पठाउन नहुने मत राखेका थिए। अन्ततः ओली उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीमा नियुक्त भए।

दाउपेचको राजनीति

ओली-नेपाल बीचको सहकार्य र संघर्षको खास राजनीति ०५४ बाट सुरु भयो। एमालेको छैटौं महाधिवेशनमा कार्यनीतिक दस्तावेज पेस गर्ने गरी ओलीलाई नेपालले पार्टीमा तेस्रो वरीयता दिलाए। ओलीलाई आफूभन्दा माथि राखेपछि रिसाएका गौतमले महाधिवेशनमा फरक दस्तावेज नै पेस गरे। पार्टी विभाजनसमेत भयो। जतिवेला मनमोहन अधिकारी अध्यक्ष र नेपाल महासचिव थिए। नेपाल पार्टीलाई मिलाएरै जानुपर्ने पक्षमा देखिए पनि ओलीको अडानका सामु उनको केही चलेन। गौतमले १४ जनाको नाम केन्द्रीय सदस्यमा प्रताव गरे पनि ओलीको अडानका कारण मनोनीत भएनन्। गौतम-सिपी मैनालीहरूले एमाले विभाजन गरेर माले बनाएपछि ओली प्रमुख नेताकै दाबेदार बने। गौतम एमालेमा फर्किएपछि ओलीले २०५९ को सातौं महाधिवेशनमा महासचिव पदमै दाबी गरे। अन्तिम समयमा उम्मेदवारी नदिए पनि ओलीले केन्द्रीय सदस्यमा पराजित भएकाहरूलाई मनोनीत नगरे पार्टी विभाजनकै चेतावनी दिएको नेपाल पक्षका एक नेताले बताउँछन्।

२०६५ को आठौं महाधिवेशनमा एमाले कार्यकारी अध्यक्षसहित बहुपदीयमा गयो। विगतमा महासचिव मात्रै बनेको भन्दै नेपालले अध्यक्ष बन्ने चाहना राखे। उनले सहमतिमा अध्यक्ष बन्ने कोसिस गरेका थिए। नेपाललाई सर्वसम्मत अध्यक्ष बनाउनुपर्ने माग गर्दै महाधिवेशनस्थल बुटवलमा केही नेता अनशनमा समेत बसेका थिए। ओली र खनाल प्रतिस्पर्धीको रूपमा निकै अघि बढिसकेकाले नेपालको चाहना पूरा भएन। ओलीलाई पराजित गर्दै खनाल अध्यक्ष निर्वाचित भए। नेपाल मौन बस्दा नेताहरू खनाल र ओली पक्षमा विभाजित भएका थिए। त्यसप्रति ओलीको गुनासो थियो। तर, अवस्था लामो समयसम्म रहेन। ओलीलाई तेस्रो वरीयता दिलाउन नेपालले भूमिका खेले। ओलीले पनि नेपाललाई प्रधानमन्त्री बन्न साथ दिए।

स्वभाव र कार्यशैलीमा भिन्नता

ओलीले १४ वर्ष जेलभित्रै अध्ययन गरे। नेपाल भने दुई वर्षमा जेलबाट छुटेपछि कोअर्डिनेसन केन्द्र र नेकपा मालेको संस्थापक बनेर संगठन निर्माणमा सक्रिय रहे। नेपाल सुरुदेखि नै पार्टीमा कुसल व्यवस्थापकका रूपमा चिनिए। वैचारिक द्वन्द्व हुँदा सकभर पार्टीलाई एक ढिक्का बनाएर लैजाने पक्षमा नेपाल उभिन्थे। २०३७ सालसम्म नेपाल तत्कालीन मालेमहासचिव सिपी मैनालीसँग नजिक थिए। वैचारिक द्वन्द्व सुरु भएपछि सिपीसँग उनको दूरी बढ्यो।

मालेभित्र वैचारिक बहस तीव्र बन्दै गयो। मदन भण्डारीले जनताको बहुदलीय जनवादको कार्यक्रम अघि सारेर त्यसका पक्षमा पार्टीभित्र नेताहरूलाई 'कन्भिन्स' गर्ने प्रयास थाले। पाचौं महाधिवेशनसम्म पुग्दा झलनाथ खनाल सुधारिएको नौलो जनवादको पक्षमा उभिए। त्यसवेला नेपाल र तत्कालीन संगठन विभाग प्रमुख जीवराज आश्रित भने खनालले अघि सारेका कतिपय कुरा पनि समेटेर अघि बढ्नुपर्ने, पार्टीलाई एक ढिक्का बनाउनुपर्ने 'मध्यमार्गी' धारमा उभिँदै एकताका निम्ति प्रयत्न गरे। तर, खनाल 'कन्भिन्स' नभएपछि अन्तिमतिर नेपाल जबजकै पक्षमा उभिए। पार्टीभित्र मात्रै होइन, नेपालको समन्वयकारी र व्यवस्थापकीय क्षमताबारे नेपाली राजनीतिमा सधैं चर्चा हुने गरे पनि पार्टी विभाजनपछि भने नेपालको त्यस्तो व्यक्तित्वमाथि एमालेपंक्तिले प्रश्न उठाउँदै आएको छ। संस्थापक नेताको हैसियतमा मात्र होइन, सन्तुलनकारी र समन्वयकारी नेताका रूपमा विभाजन रोक्न नसकेको नेपालमाथि आरोप छ।

विगत २५ वर्ष ओलीसँग र पछिल्लो पाँच वर्ष नेपालसँग नजिकबाट संगत गरेका पत्रकार तथा सम्पादक शम्भु श्रेष्ठ दुई नेताबीच स्वभावगत रूपमा धेरै भिन्नता रहेको बताउँछन्। उनी सम्झन्छन्, 'नेपालको स्वभाव नै गम्भीर, अनुशासनमा कडा, समन्वयकारी भूमिका खेल्न सक्ने, ठीक समयमा ठीक

» पृष्ठ ४ मा क्रमशः



सम्भावनाबीच रुमल्लिएको धरान

धरान कोशी प्रदेशको एक महत्त्वपूर्ण, चर्चित र ऐतिहासिक सहर हो । धरान क्षेत्रमा प्राक्ऐतिहासिक कालदेखि नै मानिसहरूको चलपहल देखिन्छ । प्राचीनकालमा यो क्षेत्र कहिले मत्स्यदेश त कहिले बंग (बंगाल) देशको अंग रहेको पाउन सकिन्छ । मोरङ राज्यको राजधानीका रूपमा तथा पछि विजयपुर राज्यकै नामले चर्चित भएको पाइन्छ । धरान विजयपुर डाँडाको पश्चिम दक्षिण चारकोसे झाडीको सिरानमा छ । धरानमा विसं १९६० भन्दा अगाडि जंगल थियो । तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले फँडानी गराएपछि धरानमा बस्ती बस्न थालेको थियो ।

■ धार्मिक पर्यटन

बुढासुब्बा मन्दिर धरान क्षेत्रको एक चर्चित र प्रसिद्ध मन्दिर हो । यसमा भएको परम्परा र संरचना हेर्दा किराती सांस्कृतिक संरचनाको अवशेष मान्न सकिन्छ । विद्वान् हरूले बुढासुब्बा मन्दिरलाई विजयपुर राज्यको चौतारा बुद्धिकर्ण रायको समाधिको रूपमा चित्रित गरेका छन् । तर, यसको ठोस प्रमाण भने छैन । अन्य समाधिहरूमा यस्तो खालको धार्मिक र सांस्कृतिक अभ्यास नहुनुले पनि यो कुरा हचुवाको भरमा भनेका हुन् भन्ने लाग्छ । जे होस्, विजयपुर राज्यमा सेनहरूको आगमन हुनुअघि नै किरातीहरूको बसोवास थियो र उनीहरूले नै यो सांस्कृतिक अभ्यास र परम्परा सुरु गरेको भन्न सकिन्छ ।

विजयपुरको मध्यभागमा रहेको अर्को चर्चित मन्दिरलाई दन्तकाली मन्दिर भनिन्छ । यो मन्दिरसँग सम्बन्धित अनेकौं किंवदन्तीहरू छन् । यस मन्दिरमा खनाल थरका पुजारी छन् । सेनकालका सेन राजाहरूले तथा विजयपुर राज्यका चौताराहरूले खनाल पुजारीहरूलाई वेलावेलामा बिर्ता दिएको देखिन्छ । बिर्तालगायतको विवरण (नेपाल निरुक्त,२०७४;२७३) हेर्ने हो भने यो मन्दिरको स्थापना मध्यकालमा सेनवंशी राजाहरूले गरेको मान्न सकिन्छ । पिण्डेश्वर मन्दिर विजयपुर डाँडाको दक्षिणपट्टि छ । यो मन्दिरसँग पनि धार्मिक तथा पौराणिक कथा जोडिएको छ । यो मन्दिरलाई करिब ५०० वर्षअगाडि बंगालका राजाले जीर्णोद्धार गरेको मानिन्छ । यस मन्दिरमा विक्रम संवत् १८५५ तिरको घण्ट पाइएको थियो । यस आधारमा यो मन्दिर मध्यकालतिर नै स्थापना भएको मान्न सकिन्छ ।

पर्यटन

कृष्ण खत्याडी

विष्णुपादुका मन्दिर धरान क्षेत्रमा रहेको पूर्वकै एक चर्चित र प्रसिद्ध धार्मिक स्थल हो । विष्णुपादुकाबारे धार्मिक ग्रन्थहरूमा प्रस्ट नपाइएता पनि वराहक्षेत्र पुग्ने कोकहा नदीको चर्चा तथा कोकहाको किनारमा रहेकै कारणले पनि यस तीर्थस्थललाई अझ महत्त्वका साथ हेर्ने गरेको पाइन्छ । विसं १९७० मा स्थानीय धामी लक्ष्मण तामाङले धामी बस्ने क्रममा पत्ता लगाएपछि आजसम्म अनवरत रूपले यो मन्दिरको पूजाआजा हुँदै आएको छ । यी चर्चित ऐतिहासिक धार्मिक स्थलहरूमा कोशी प्रदेश, नेपालका अन्य भूभाग तथा पूर्वोत्तर भारतबाट बर्सेनि हजारौं, लाखौं तीर्थयात्रीको आगमन हुने गरेको पाइन्छ । खास रूपमा धरानको धार्मिक तथा स्थानीय पर्यटन यिनै स्थलले धानेको छ । तर पनि यी स्थलहरूको आवश्यक प्रचारप्रसार हुन सकेको देखिँदैन ।

■ ऐतिहासिक पर्यटन

विजयपुरगढी एउटा ऐतिहासिक गढीको रूपमा लिइन्छ । राजा विजयनारायण रायको नामबाट रहेको मानिने यस गढी इमानसिंहका अनुसार साङलाइङका सातौं पुस्ताका राजा विजयनारायण रायले हालको विजयपुरमा बारताप्पा (पानबारा) भन्ने ठाउँबाट राजधानी सारी त्यस ठाउँको नाम विजयपुर नामकरण गरी गरेका हुन् (चेम्जोङ, किरातकालीन विजयपुरको संक्षिप्त इतिहास, २०५९;१३) । यसको आधिकारिकतामा अझै पनि प्रश्न गर्ने ठाउँ छ । विसं १६६६ देखि विजयपुर राज्य मकवानपुर राज्यको अधिनमा रह्यो । त्यसपछि विजयपुर राज्यका राजाको रूपमा सेन राजाहरू नेपाल एकीकरणअघिसम्म रहेको पाउन सकिन्छ । हाल विजयपुरको मध्यकालीन दरबारको अवशेष विजयपुर डाँडाको उत्तरतर्फ छ । यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने हो भने बर्सेनि लाखौं पर्यटकहरूको आगमन हुने सम्भावना छ । यसको प्रत्यक्ष प्रभाव धरान क्षेत्र र यहाँका जनतालाई हुने देखिन्छ । यसलाई व्यवस्थित गर्न सके आयस्रोतको महत्त्वपूर्ण केन्द्र बन्नेछ ।

■ सांस्कृतिक पर्यटन

धरानलाई कोशी प्रदेशको एउटा महत्त्वपूर्ण सांस्कृतिक केन्द्रको रूपमा स्थापना गर्न सकिन्छ । यो ठाउँमा कोशी प्रदेशका अधिकांश ठाउँबाट आएका अनेकौं जाति तथा समुदायको बसोवास छ । विविध रूपले जातिगत, भाषागत र सांस्कृतिक रूपमा विविधता रहेकाले पनि यस क्षेत्रलाई पर्यटन प्रवर्द्धनको रूपमा विकास गर्न सकिन्छ ।

राई समुदायभित्र पनि अनेकौं समुदाय छन् । राईभित्र पनि आआफ्नै भाषा, संस्कृति, वेशभूषा र रहनसहन छ । पुख्यौंली स्थानबाट बसाइँ सरेर आउँदा आफ्ना संस्कृति र परम्परा पनि सरेर आउँछन् । यसो हुँदा ती संस्कृतिलाई संरक्षण गर्न संरक्षणस्थलहरू निर्माण गर्ने हो भने कोशी प्रदेश तथा अन्य ठाउँहरूमा बस्ने राईहरूको पनि सांस्कृतिक रूपले आकर्षणको केन्द्र धरान बन्नेछ । धरानमा बस्ने अन्य समुदायजस्तै लिम्बू, गुरुङ तथा अन्य जाति तथा समुदायले पनि यस्ता सांस्कृतिक केन्द्र विकास, विस्तार र प्रवर्द्धन गर्ने हो भने धरान कोशी प्रदेशको एउटा सांस्कृतिक संग्रहालयका रूपमा विकास गर्न सकिन्छ । विभिन्न देशबाट आउने सांस्कृतिक शोधार्थीको महत्त्वपूर्ण शोधकेन्द्रको रूपमा समेत धरानलाई विकास गर्न सकिन्छ । धर्मान्तरणको ठूलो चपेटामा परेको तथा सांस्कृतिक रूपान्तरणको भार बोकिरहेको यो क्षेत्रलाई यस्ता खालका कार्य गर्न आवश्यक र जरुरी छ ।

■ स्थानीय पदयात्रा

पूर्वी पहाडको अधिकांश जिल्लामा आवतजावत गर्ने तराईलाई जोड्ने एउटा महत्त्वपूर्ण मार्गको रूपमा फुम्ले साँघुरीगढी पदमार्गलाई लिन सकिन्छ । पूर्वी पहाडका अधिकांश जिल्लाका लागि प्रवेशमार्गको रूपमा फुम्ले साँगुरीगढी पदमार्गलाई मान्न सकिन्छ । सदियौंदेखि यो क्षेत्रमा बस्ने मानिसहरूले तराईसँगको सम्बन्ध जोड्न यही बाटो प्रयोग गर्थे । साँघुरीगढी विशेष गरेर किराती राजा सोयाक लादोकहाङले निर्माण गरेर हालको पूर्णियाको जलालगढसम्म शासन गरेको भन्ने केही तथ्य र आधार भए पनि साँगुरीगढी पूर्वी पहाडको सुरक्षाका हिसाबले महत्त्वपूर्ण गढी हो । धरान धनकुटा राजमार्ग सञ्चालनमा आउनुअघि पहाड उक्लिन यो मुख्य मार्गको रूपमा प्रयोग हुन्थ्यो । यस पदमार्गलाई स्थानीय पर्यटनको रूपमा विकास गर्ने हो भने पर्यटकको आकर्षणको केन्द्र बन्न सक्छ । धरानबाट पश्चिमपट्टि रहेको चिन्डे डाँडो स्थानीयहरूकै लागि अहिले नजिकको र फुर्सदको गन्तव्य बन्दै गएको छ । बिहान-बेलुका वाकका लागि होस् या समय बिताउन होस्, यो डाँडामा मानिस जान्छन् । धरानले स्थानीय पर्यटन प्रवर्द्धनका लागि यी र यस्ता अनेकौं पदमार्गहरूको विकास, विस्तार र प्रवर्द्धन गर्नुपर्छ ।

■ चुकेका र हुनुपर्ने कुरा

धरानमा भएको स्रोत र साधन तथा विभिन्न जातजातिका संस्कृतिहरू सांस्कृतिक पर्यटनमा रूपमा प्रवर्द्धन गरी मनग्य आम्दानी लिन सकिन्छ । पिण्डेश्वर, बुढासुब्बा, दन्तकाली, विष्णुपादुकामा दर्शन गर्न लाखौं पर्यटकहरू धरानमा आउन सक्छन् । धरानको आन्तरिक पर्यटनलाई यिनै सांस्कृतिक तथा धार्मिक केन्द्रहरूले धानेको छ । यी र यस्ता धार्मिक सांस्कृतिक केन्द्रलाई विकास, विस्तार र प्रवर्द्धन गर्ने हो भने धरानलाई दीर्घकालीन रूपमा अझ फाइदा पुग्नेछ ।

नगरप्रमुखको व्यवहार धरानको विकासका लागि समन्वय गर्ने खालको देखिन्न । साथै धरानका जिम्मेवार व्यक्तिमा यी यस्ता कार्य राज्यस्तरबाट मात्र गर्नुपर्छ भन्ने मानसिकताले ग्रस्त भएको पाउन सकिन्छ । सहकार्य, समन्वय गरेर पर्यटकलाई आकर्षित गर्ने काम गर्ने हो भने धरानको समृद्धि टाढा छैन ।

ओली–नेपाल...

◂◂ पृष्ठ ३ बाट क्रमशः

निर्णय लिन नसक्ने, तर कार्यकर्ताको कुरा सुन्ने नेपालको स्वभाव छ । ओलीको स्वभाव भने, जे कुरालाई पनि हल्का रूपमा लिने, हाँस्ने, जोक गर्ने, कार्यकर्ताको कुरा हावामा उडाउने तर कार्यान्वयन गर्ने, कार्यकर्ताको संरक्षण गर्ने, विरोधीहरूसँग बदला लिने ।'

राजनीतिमा नैतिकताको खडेरी परेको वेला नेपालले ०६४ सालको निर्वाचनमा एमालेले धेरै सिट गुमाएपछि नैतिकताका आधारमा राजीनामा दिएका थिए । ओली 'जनयुद्ध'प्रति आक्रामक थिए भने नेपाल माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन प्रयासरत थिए । मदनले नेपाललाई बढी विश्वास गर्थे ।


'नेपाल मदनको सेकेन्ड म्यानको रूपमा पार्टीका हुँदा ओलीको कतै चर्चा हुँदैनथ्यो । नेपाल र भण्डारी सँगसँगै हुँदा ओली कहाँ छन् भन्ने थाहा हुँदैनथ्यो । पार्टीको काममा नेपाल लाग्दा ओली गुटबन्दीमा लागेकै कारण विगतमा पछि परेको श्रेष्ठ स्मरण गर्छन् । तत्कालीन अध्यक्ष झलनाथ खनाललाई राष्ट्रपतिको आश्वासन र उपाध्यक्ष गौतमलाई संसदीय दलको नेता र प्रधानमन्त्रीको आश्वासन दिएर नवौं महाधिवेशनमा झिनो मतले एमालेको अध्यक्ष बन्न ओली सफल भएको श्रेष्ठको दाबी छ । तर, अध्यक्ष भएपछि दुवै नेतालाई ओलीले धोका दिएको उनी बताउँछन् । ओलीले नेपाललाई स्वीकार गरिनसकेको श्रेष्ठ दाबी गर्छन् । उनी भन्छन्, 'ओली नेपाललाई सिध्याउनमै केन्द्रित छन् । तर, नेपालले त्यो कुरा बुझ्दैनन् । नेपालले ओलीलाई 'पर्ख र हेर'को नीति लिएका छन् । ओलीले नेपाललाई प्रधानमन्त्री बनाउँदैनन् ।' नेपालले पनि ओलीलाई विश्वास गरेका छैनन् ।'

■ राजनीतिशास्त्री
कृष्ण हाछेथुलाई

मन परेका दश पुस्तक



राजनीतिशास्त्रभित्र पनि विविध आयाम छन् । विश्वविद्यालयमा राजनीतिक दर्शन, आधुनिक राजनीतिक सिद्धान्त, प्रशासन, अन्तर्राष्ट्रिय कानुनलगायत विभिन्न आयाममा पढाइ हुन्छ । मेरो विशेष रुचि नेपाली राजनीति र कम्पेरेटिभ पोलिटिक्समा छ । तर, राजनीतिशास्त्रका विद्यार्थी तथा राजनीतिमा रुचि राख्नेहरूले पाठ्यक्रममा समावेश पुस्तक मात्रै पढेर पुग्दैन । आफ्ना ज्ञानको दायरालाई फराकिलो पार्न अन्य पुस्तक तथा सन्दर्भ सामग्री पनि पढ्नुपर्ने हुन्छ । राजनीतिमा रुचि राख्नेहरूका लागि उपयोगी केही पुस्तक यस्ता छन् ।



मल्टिकल्चरल ओडेस्सेज


विल क्यामेलिकाले उदार बहुसांस्कृतिकवादका पक्षमा धेरै बहस गरेका छन् । १७औं शताब्दीयता युरोप र अमेरिकामा नेसन स्टेटको भाष्य निर्माण भयो । यो भाष्य वेस्टफालिया सन्धिबाट सुरु भयो । एउटा जातिको एउटा राज्य भन्ने भाष्य बन्यो ।


विश्वयुद्धअघि त ४५-५० वटा मुलुक थिए । अहिले दुई सयजति राज्य बने । तसर्थ, अहिलेको सामाजिक विविधता र राजनीतिलाई सम्बोधन गर्न यसलाई बहुसांस्कृतिकवादको आँखाबाट हेर्नुपर्छ भन्ने क्यामेलिकाको तर्क छ । समाज जस्तो छ, राजनीतिक संरचना पनि त्यहीअनुरूपको भयो भने त्यहाँ लोकतन्त्र, समानता, न्याय सँगसँगै जान्छ भन्ने तर्क यस पुस्तकमा क्यामेलिकाले गरेका छन् ।

डेमोक्रेसी इन प्लुरल सोसाइटिज

परम्परागत लिबरल प्रजातान्त्रिक अवधारणाले जसले चुनावमा बहुमत ल्याउँछ, त्यसैले शासन गर्ने भन्छ । जातीय, धार्मिक, सैद्धान्तिक, सांस्कृतिक विविधता भएको देशमा यस अवधारणाअनुसार स्थिर प्रजातान्त्रिक सरकार बनाउन र कायम राख्न मुस्किल पर्ने गरेको देखिन्छ ।

लेखक अरेन्ड लिजफार्टले यस पुस्तकमा परम्परागत पद्धतिभन्दा फरक सहमतीय राजनीतिक पद्धतिमा जोड दिएका छन् । अल्पसंख्यकलाई पनि राज्यको शक्ति संरचना र त्यसको प्रयोगमा सहभागी गराउनुपर्छ भन्ने उनको तर्क छ । उनले यसले मात्रै समाजको विविधता राजनीतिक संरचनामा रूपान्तरण हुन्छ भनेका छन् ।





इलेक्टोरल इन्जिनियरिङ


पिपा नोरिसको यो पुस्तकले निर्वाचनले नै राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्ने भएकाले विविधता भएका देशमा समानुपातिक निर्वाचन प्रणाली राम्रो हुने तर्क गर्छ ।

विश्वका २६ वटा देशको तुलनात्मक अध्ययनपछि भनिएको छ, 'जुन ठाउँमा जातीय विविधता छ, त्यहाँ समानुपातिक निर्वाचन पद्धतिमार्फत समाजका बहुसंख्यक, प्रभुत्वशाली, अल्पसंख्यक, बहिष्करणमा परेकालगायत सबैलाई राजनीतिमा अटाउन सकिन्छ ।'

---

१७ चैत (शनिबार) – २३ चैत (शुक्रबार)

साप्ताहिक राशिफल



सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

पठनपाठनमा सोचेअनुसार सफलता मिल्नेछ । मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ । अभिभावक र साथीभाइले उपयोगी र आवश्यक सहयोग प्रदान गर्नेछन् । छोराछोरीबाट सन्तोष मिल्नेछ । साताको अन्त्यमा सहयोगको आशा देखाउनेहरूले धोका दिन सक्छन् ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साता मनोरञ्जनपूर्ण रहनेछ । नयाँ ज्ञान सिक्ने मौका छ । प्रेमको बन्धन कसिनेछ । व्यापार-व्यवसायमा सोचेको लाभ नमिल्न सक्छ । बुधबार र बिहीबार आर्थिक कारोबारमा अघि नबढ्नु नै उचित रहनेछ । सरकारी जागिरेका लागि उपयुक्त समय आएको छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

वैचारिक सद्भाव बढ्नुका साथै सुखद यात्राको योग छ । गीत-संगीतमा रुचि बढ्नेछ । शत्रु परास्त हुनेछन् । प्रतिष्ठित काम र पदको आशा देखाउनेहरूले धोका दिन सक्छन् । साताको अन्त्यमा शासकवर्गबाट धोका हुन सक्छ, सावधानी अपनाउनु होस् ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भमा व्यापार-व्यवसायबाट सोचेअनुसार सफलताको योग छ । धार्मिक कार्यमा समय व्यतीत हुनेछ । मुद्दा-मामिलामा पनि विजयी भइनेछ । बिहीबार खानपानमा नियन्त्रण गर्नु बेस हुनेछ । मनोरञ्जनात्मक क्रियाकलापबाट हानि पुग्ने सम्भावना छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको प्रारम्भमा प्रेम सम्बन्धमा विश्वासको वातावरण नभएको महसुस हुनेछ । आनन्द र रमणीयताका लागि समय र धन खर्च हुनेछ । पठनपाठनमा सोचेअनुसार सफलताको योग रहेको छ । साताको अन्त्यमा शैक्षिक यात्राको योग रहेकाले मनमा खुसीको अनुभूति हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

विद्यामा सफलता मिल्नेछ । कृषि र व्यावसायिक काममा भने केही चुनौती सामना गर्नपर्ला । नयाँ काममा लगानीको शुभ योग रहेको छ । नजिकका मित्रबाट विशेष सहयोग र सुख प्राप्त हुने देखिन्छ । साताको अन्त्यमा भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताको प्रारम्भमा पदोन्नति तथा स्थानान्तरणको योग रहेको छ । लगनशीलताका कारण नयाँ अवसर र पूर्ण जिम्मेवारी प्राप्तिको योग रहेको छ । नयाँ व्यवसाय सुरुवात गर्ने अवसर आउने छ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ । साताको अन्त्यमा नयाँ सवारीसाधन किन्ने योग छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । व्यापारिक वा दैनिक काम सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् । वैदेशिक व्यापार, कृषि व्यवसाय र नोकरीमा लाग्नेका लागि सन्तोषजनक रहनेछ । साताको अन्त्यमा वैदेशिक यात्राको योग रहेको छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भबाटै स्वास्थ्यमा सुधार आउनेछ । आर्थिक पक्ष कमजोर बन्नेछ । बुधबारदेखि प्रतिष्ठित काम गर्ने मौका पनि आउनेछ । आत्मविश्वास बढ्नेछ । पारिवारिक जमघटमा मन रमाउनेछ । साताको अन्त्यमा मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइने योग छ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मन प्रसन्न हुनुका साथै महत्त्वपूर्ण कार्य सफल हुनेछन् । बोलीको प्रभाव बढ्नाले शत्रु परास्त हुनेछन् । बिहीबारदेखि काममा आलस्य जाग्ने र खर्चको मात्रा बढ्ने देखिन्छ । व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । वैदेशिक क्षेत्रबाट त्यति लाभ नहुन सक्छ ।


कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

अकस्मात् धनागमको योग छ । मनमा उत्साह बढ्नेछ । अध्ययनअध्यापन सामान्य रहनेछ । गरेका कामबाट राम्रै लाभ हुनेछ । तत्काललाई धेरै श्रमपछि कम मूल्य पाइने योग छ । साताको अन्त्यमा भएको आम्दानी र सञ्चित रकमसमेत खर्च गर्नुपर्ला ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

पतिपत्नीबीचको सम्बन्ध सुमधुर रहनेछ । बौद्धिक र लेखनकार्यमा सफलता प्राप्त हुने योग । साथीभाइले तपाईंका सकारात्मक कामको समुचित मूल्यांकन गर्नेछन् । मनोरञ्जनका लागि राम्रै समय छ । साताको अन्त्यमा भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट पनि लाभ मिल्नेछ ।


चर्चा



डिल्लीराम मिश्र कलमजीवी

नेपाली वाङ्मयका शताब्दी पुरुष एवं संस्कृतिविद् सत्यमोहन जोशीले भनेका थिए, 'सेवा नै धर्म हो, धर्म नै सेवा हो, कर्म नै महामानव हुने उपाय हो ।' उनको यो उद्गारबाट हामी अधिकार मात्र खोज्नेहरूलाई आफ्नो कर्तव्य के हो ? भन्ने पनि बोध गराएको छ । मानिसहरू जन्मिएर प्रायः आफ्नै लागि बाँच्छन् । अरूका लागि केही गर्ने भावना सबैमा हुँदैन । समाज, राष्ट्र र प्राणी मात्रका लागि समर्पित भावले काम गर्ने मानिस बिरलै हुन्छन् र ती बिरलैमध्येका एक हुन्, नमस्तेलाल ।

सामाजिक अभियन्ता नमस्तेलालले जीवनमा धेरै उत्कृष्ट काम गरेका छन् । उनले विगत ५० वर्षदेखि आफ्नो कमाइको १५ देखि २० प्रतिशत खर्च सामाजिक सेवामा गरेका छन् । सेवा नै धर्म हो, धर्म नै कर्म हो भन्ने भावलाई उनले जीवनमा



क्राफ्टिङ स्टेट नेसन्स

यो प्रतिवेदन अल्फर्ड स्टेपेन, जुआन जे लिन्ज र योगेन्द्र यादवले मिलेर तयार गरेका हुन् । यस पुस्तकले सामाजिक विविधता भएका देशमा 'नेसन-स्टेट' अवधारणा नै सुहाउँदैन भन्छ । यो अवधारणाअनुसार नागरिकको एउटा समुदायले आफैंलाई राष्ट्र पहिचान गरेको हुन्छ ।

साझा संस्कृति, इतिहास, भाषा जातीय चरित्र भएका जापान, कोरिया, चीनजस्ता होमोजेनियस समाजमा यस्तो अवधारणा सुहाउला । तर, भारत वा नेपालजस्ता विविध जाति, भाषा र समुदाय बस्ने देशमा 'राष्ट्रहरूको राज्य' चाहिन्छ भन्ने तर्क यसले गर्छ । जहाँ, विविध जाति, भाषा र सांस्कृतिक समुदाय आफ्नो पृथक् पहिचान र अस्तित्व स्विकारेर एउटै भूगोलमा बस्न सक्छन् ।


युएनडिपी ह्युमन डेभलपमेन्ट रिपोर्ट २००४

अहिलेको विविधतायुक्त विश्वमा सांस्कृतिक स्वतन्त्रता कस्तो हुनुपर्छ भनेर यस पुस्तकले राम्रो व्याख्या गरेको छ । यस रिपोर्टले अल्पसंख्यकको भाषा र संस्कृतिलाई बहुसंख्यकमा घुलमिल गर्ने होइन, विविधतालाई कायमै राखेर अघि बढ्ने हो भन्छ । जसलाई सप्तरंगी राष्ट्रवाद पनि भनिन्छ ।




ह्वाई नेसन्स फेल

यो पुस्तकले किन केही राष्ट्र धनी र केही गरिब छन् भन्ने विषय प्रस्तुत गर्छ । लोकतन्त्र भएका ठाउँमा दिगो विकास हुन्छ भन्ने पुस्तकले देखाएको छ । यस पुस्तकमा अमेरिका र मेक्सिको सीमावर्ती क्षेत्र नोगाल्सबारे अध्ययन गरेर दुई देशको तुलना गरिएको छ । अमेरिकातर्फ बस्ने ठाउँको समृद्धि र मेक्सिकोतर्फको अविकासलाई पुस्तकमा उल्लेख गरिएको छ । भाषा र संस्कृति एउटै भए पनि व्यवस्था फरक भएपछि विकासमा फरक पर्छ भन्ने यसले देखाउँछ । यसले समाज जस्तो छ, त्यहीअनुसारको राजनीतिक संरचना बन्छ भन्ने तर्क गर्छ । जहाँ कागजमा मात्रै लोकतन्त्र छ, तर व्यवहारमा छैन । त्यस्तो देशमा प्रगति गर्न पनि गाह्रो हुन्छ भन्ने उदाहरण छ । किनकि, लोकतन्त्रको अभावमा असमानता बढ्छ । ड्यारोन एसमोग्लु र जेम्स ए रोब्बिनसनले मिलेर यो पुस्तक लेखेका हुन् ।




इन्ड अफ हिस्ट्री एन्ड द लास्ट म्यान

१९९२ मा प्रकाशित यस पुस्तकमा फुकुयामाले उदार लोकतन्त्र नै अन्त्य हो र यसले मानिसलाई वस्तुगत र आध्यात्मिक रूपमा सन्तुष्ट गर्छ भनेका छन् । उनले यसलाई चुनौती दिन सक्ने अर्को कुनै व्यावहारिक राजनीतिक प्रणाली हुँदैन भनेका छन् । केमेलिका, लिजफार्डलगायत अन्य विज्ञ उदार लोकतन्त्र नै अन्त्य होइन भन्छन् । तर, फुकुयामाले यसपछि अर्को बाटो छैन भनेका छन् । १९९२ देखि २००० आउनुअघि धेरै देशमा उदार लोकतन्त्र स्थापनाको लहर थियो । त्यस परिस्थितिमा यो पुस्तक लेखिएको थियो ।



थर्ड वेब अफ डेमोक्रेसी


स्यामुयल पी हन्टिङटनको यो पुस्तक पनि प्रजातन्त्रको तेस्रो लहरबारे केन्द्रित छ । यस पुस्तकमा हन्टिङटनले आधुनिक इतिहासमा प्रजातन्त्रका तीन लहर आउने तर्क गरेका छन् । जसमध्ये तेस्रो लहर १९७० देखि विश्वभर फैलन थाल्यो भन्ने उनको तर्क छ ।



उनले निरंकुश शासनबाट प्रजातान्त्रिक सुशासनतर्फ देशहरूको रूपान्तरणलाई नै प्रजातान्त्रीकरण भनेका छन् । १९औं शताब्दीको सुरुवातमा प्रजातन्त्रको पहिलो लहर (विशेषगरी पश्चिम युरोप र उत्तर अमेरिकामा) र दोस्रो विश्वयुद्धपछि उपनिवेश समाप्त भएर एसिया र अफ्रिकाका धेरै देशमा प्रजातन्त्र पुनर्स्थापना भएको अवस्थालाई दोस्रो लहर भनेका छन् । पुस्तकमा हन्टिङटनले प्रजातन्त्रको तेस्रो लहर १९७० देखि सन् २००० आउनुअघिसम्म चल्छ भनेका छन् । यस क्रममा ल्याटिन अमेरिका, पूर्वी युरोप, एसिया र अफ्रिकाका धेरै देशमा यो लहर आउनेछ भनेर पुस्तकमा उल्लेख गरेका छन् । वैश्विक मूल्य-मान्यतामा परिवर्तन, आर्थिक विकास र विभिन्न देशमा बाहिरी शक्तिको हस्तक्षेपजस्ता कुरा यससँगै आउनेछ भनेका छन् ।


हाउ डेमोक्रेसी डाइज

अहिले एउटा नयाँ ट्रेन्ड आएको छ । यसलाई राइटिस्ट ट्रेन्ड वा कन्जर्भेटिभ ट्रेन्ड भनिन्छ । चुनावबाट जितेर आई निरंकुश शासन गर्ने । अमेरिकामा डोनाल्ड ट्रम्प, भारतमा नरेन्द्र मोदी, रुसमा भ्लादिमिर पुटिनलाई यसको उदाहरण मान्न सकिन्छ । चुनावबाटै जितेर आउने तर सत्तामा पुगेपछि शक्ति आफैंमा केन्द्रित गर्ने चरित्र हो यो । स्टेफेन लेभिट्स्की र डेनियल जिब्लाटले संयुक्त रूपमा लेखेको यस पुस्तकले प्रजातन्त्रलाई 'कु' वा सैन्य तानाशाहभन्दा यही पद्धतिमार्फत चुनिएर आउने खराब व्यक्तिबाट ज्यादा खतरा छ भन्छ । चारवटा सूचकांकमार्फत उनले प्रजातन्त्र कमजोर हुँदै जान्छ भनेका छन्, जसमा प्रजातान्त्रिक मूल्य-मान्यता अस्वीकार गर्ने, राजनीतिक विपक्षीलाई बहिष्कार वा बन्देज गर्ने, प्रजातन्त्रविरोधी रटान लगाइरहने र कानुनी शासनलाई क्षयीकरण गर्ने कार्य पर्छन् ।



ह्वाट इज पपुलिजम

सन् २०१६ मा प्रकाशित यस पुस्तकमा लोकप्रियतावाद, यसका चरित्रहरू र प्रजातान्त्रिक समाजमा त्यसका असरबारे चर्चा छ । लोकप्रियतावादी नेताहरूले आफूलाई मात्रै नागरिकको सच्चा आवाजको प्रतिनिधि दाबी गर्छन् । उनीहरूले समाजको विविधतालाई प्रायः बेवास्ता गरिरहेका हुन्छन् भन्ने उल्लेख छ । लोकप्रियतावादबाट समाजमा ल्याउने विभाजनबारे लेखक जान वेर्नर मुलरले चर्चा गरेका छन् ।



■ **नेपाली पुस्तकहरू :** नेपाली समाज र राजनीति बुझ्न डोरबहादुर विष्टको 'भाग्यवाद र विकास', महेशचन्द्र रेग्मीको 'ल्यान्ड ओनरसिप इन नेपाल', पिआर शर्माको 'द स्टेट एन्ड सोसाइटी इन नेपाल', लोकराज बरालको 'राजतन्त्रदेखि गणतन्त्रसम्म', हर्क गुरुङको 'विषय विविध'लगायत पुस्तकहरूले निकै सहयोग गर्छन् । डेभिड गेल्नरको 'नेसनालिजम एन्ड इथनिसिटी इन अ हिन्दू किङडम', युएनडिपीको 'नेपाल ह्युमन डेभलपमेन्ट रिपोर्ट २००९', लियो रोजको 'डेमोक्रेटिक इनोभेसन इन नेपाल स्ट्याटिजी फर सर्भाइभल', मुकुन्द न्यौपानेको 'नेपालको जातीय प्रश्न', ऋषिकेश शाहको 'एस्से अन नेपाली पोलिटिक्स एन्ड गभर्मेन्ट', जान हिब्लफोनको 'अ हिस्ट्री अफ नेपाल' लगायत पुस्तक पनि उत्तिकै राम्रा छन् । नेपाली समाजलाई फरक कोणबाट बुझ्न 'मिथिला मन्थन', युग पाठकको 'माझ्गेना'लगायत पुस्तक उपयोगी छन् ।

प्रस्तुति : **अन्वेषण अधिकारी**

नेपाली नारी लेखन बौद्धिकता र प्रयोगको दुनियाँतर्फ उन्मुख छ

१ एक संवादमा तपाईंले लेखनका लागि हर मूल्य चुकाउन तयार छु भन्नुभएको रहेछ । भन्दिनुहोस् न, कवितादेखि आख्यानसम्म आइपुग्दा के-कस्तो मूल्य चुकाउनुभयो ?

मान्नु नमान्नुस्, जीवनमा जे प्राप्त हुन्छ, यो वा त्यो रूपमा मान्छेले त्यसको मूल्य चुकाएकै हुन्छ । आफ्नो एउटा सपना पूरा गर्न अन्य दर्जनौं सपनाको बलि चढाउन तयार हुनुपर्छ । आफ्नो एउटा सम्बन्ध जोगाउन अन्य केही सम्बन्धलाई खुम्च्याउन तयार हुनुपर्छ । आफ्नो एउटा रहर हुर्काउन अन्य कति-कति रहर मार्न वा कुल्चेर हिँड्न सक्नुपर्छ । यस्तोमा नेपालजस्तो देशमा एउटा पुरुषले लेखक भएर बाँच्छुभन्दा त उसले गर्ने संघर्ष र चुकाउनुपर्ने मूल्यको फेहरिस्त लामो हुन्छ । महिला लेखकको सवालमा त भन् त्यो भन्ने धेरै र घनिभूत हुन्छ । सबै कुरा संक्षेपीकरण गर्न उचित र सम्भव हुँदैन । आफ्नो कथा सुनाउन आफू योग्य भए भन्ने लागेको दिन आफूले चुकाएका मूल्यबारे कुनै दिन आत्मकथामै लेखुँला नि !

२ तपाईंका समकालीन कवि, लेखक फेमिनिजमबारे लेखिरहेका छन्, बोलिरहेका छन् । अभियान र आन्दोलनमा पनि सक्रिय छन् । तर, त्यहाँ सरस्वती प्रतीक्षाको उपस्थिति देखिँदैन भनिन्छ । यसैलाई लिएर तपाईलाई मध्यमार्गी या तटस्थ भएको आरोप लगाउँछन् नि !

उमेर, अनुभव र अनुभूतिको यो खुड्किलोसम्म आइपुग्दा आफ्नो शक्ति र सीमालाई लिएर ममा कुनै खाले अन्योल बाँकी छैन । एक साहित्यकार हुनुको नाताले मैले गर्ने आन्दोलन भनेकै मेरा शब्द हुन्, मेरा किताब हुन् । कोही एकसाथ सडकमा पनि, पत्र-पत्रिकामा पनि, सामाजिक सञ्जालमा पनि अनि सिर्जनशील किताबमा पनि उत्तिकै मुखर र प्रखर साबित भइरहेको छ भने त्यो उक्त व्यक्तिको क्षमता होला । म एकपटकमा एउटा कुराभन्दा बढी गर्न नसक्ने सीमा भएको लेखक हुँ । साहित्यिक महोत्सव वा अन्य कार्यक्रमका लागि आउने निम्तामा त म १० प्रतिशत मात्र सरिक हुन्छु र ९० प्रतिशतमा सहभागिता जनाउँदिनँ । मलाई मेडिटेटिफ राइटिङ मनपर्छ र मेडिटेटिफ राइटिङका लागि एकान्त र एकाग्रता अनिवार्य सर्त हुन् ।



पाँच प्रश्न

● सरस्वती प्रतीक्षा
कवि/आख्यानकार

> प्रतिभा र लेखनलाई नाप्ने इन्चिटेप मसँग छैन । भएको भए पुरुष लेखनभन्दा नारी लेखन यति इन्च अगाडि वा पछाडि भनिदिन्थें । लामो समयसम्म नारी लेखनलाई थाङ्ने, गनगन र कुण्ठाको अभिव्यक्ति मात्र हो भन्ने जुन ट्याग भिराइएको थियो, त्यो ट्याग अब हटिसकेको छ ।
>
> नेपाली महिला लेखकले इमानदारीका साथ आफ्नो कुरा भन्न वा लेख्न सुरु गरेको दिन धेरै घरका भित्ता चर्कनेछन् । धेरै घरका जग र छाना हल्लिन सुरु गर्नेछन् । समाजमा भयंकर उथलपुथल हुनेछ ।

अर्को कुरा, शब्दलाई प्रेम गर्ने लेखक भएको नाताले शब्दको मितव्ययितामा ध्यान दिनुपर्छ र शब्दहरूको फजुल खर्च गर्नुहुँदैन भन्नेमा म सचेत छु । मलाई जहिले पनि र जे कुरामा पनि बोलिहाल्नुपर्छ, लेखिहाल्नुपर्छ वा आफ्नो राय दिइहाल्नुपर्छ भन्ने लाग्दैन । हो, बोल्नलाई आँट चाहिन्छ, तर नबोले पनि हुने कुरामा नबोल्न झन् दोब्बर आँट चाहिन्छ । मौन बस्न सक्नु आफैंमा एक कला हो, अभ्यास हो र म हुँ मौनताको एक पुजारी !

संसारमा बहस फेमिनिजमको मात्र होइन, एन्टिफेमिनिजमलाई लिएर पनि भइरहेछ । विगतको नारीवाद श्वेत नारीवाद भयो भन्ने आलोचना गर्दै एलिस वाकरजस्ता महिला लेखकहरू फेमिनिजमको होइन, वुमनिजमको धारणा अगाडि सारिरहेछन् । धेरै पहिले नै एक आंशिक नारीवादीको वकपत्र लेखेर नारीवाद सम्बन्धमा मैले आफ्नो धारणा स्पष्टतः राखिसकेकी छु । त्यही कुरा बारबार दोहोऱ्याउनुमा कुनै तुक नै छैन । निर्मला पन्तको केसमा बोलौं, कविता लेखौं, पोखरामा सडकमै पनि ओर्लियौं हामीहरू । तर, सधैं सबै मुद्दामा सरस्वती प्रतीक्षा बोली मात्र रहने र सडकमै मात्र उत्रिरहने हो भने उसले चाहेजस्तो साधकको जीवन बाँच्न सम्भव नै छैन । साधनाका लागि दुनियाँदेखि अलग भएर एकान्तमा बस्नैपर्छ । जेमा पनि तुरुन्त प्रतिक्रिया दिइहाल्ने कि केही समय मौन बसेर परख गर्ने र बोल्नैपर्ने भए मात्र बोल्ने ? त्यो व्यक्तिको स्वभाव र रुचिमा भर पर्छ । म मेरो रुचि र स्वभावको जीवन बाँचिरहेछु र यसैमा खुसी छु ।

३ प्रेमबारे तपाईंका अन्तर्वार्ता भनाइ र लेख वेलावेला आइरहन्छन् । प्रायः महिला कवि साहित्यकारलाई मात्रै किन प्रेम र यौनबारे चासोपूर्वक प्रश्न सोध्ने गरिएको होला ?

अलि परकी माया एन्जेलोलाई हेर्दौं न, जब उनले आई नो ह्वाई द केज्ड वर्ड सिङ्स निकालिन्, उनको कथा सुनेर सारा संसारले जिब्रो टोक्यो । हाम्रै छिमेकका कमला दासले माई स्टोरी लेखिन् । अमृता प्रितमले रसिदी टिकट लेखिन् । संसारका अन्य महिला लेखकहरूले आफ्नो प्रेम, यौन र सम्बन्धका बारेमा आँटपूर्वक लेखिरहँदा हामी अझै पनि प्रेमशब्द उच्चारण यसरी गर्छौं, मानौं वर्जित शब्द उच्चारण गरिरहेछौं । साँच्चै भन्नुपर्दा नेपाली महिला लेखकले इमान्दारीका साथ आफ्नो कुरा भन्न वा लेख्न सुरु गरेको दिन धेरै घरका भित्ता चर्कनेछन् । धेरै घरका जग र छाना हल्लिन सुरु गर्नेछन् । समाजमा भयंकर उथलपुथल हुनेछ । फेरि पनि महिला कवि, साहित्यकारलाई मात्र प्रेम, यौनका प्रश्न चासोपूर्वक सोधिन्छ भन्ने मलाई लाग्दैन । बजारमा महिलाका भन्दा त पुरुष लेखककै प्रेम र यौनका कुरा बढी आइरहेको देखिन्छ ।

४ केन्द्रबाहिर बस्ने कतिपय लेखकले केन्द्र धाएर पुस्तक विमोचन गर्ने, अन्तर्क्रिया गर्ने त्यसपछि मोफसल-केन्द्रको बहस आवश्यक छैन भन्ने गरेको सुनिन्छ । केही वर्षअघि तपाईले पनि आफ्नो पुस्तक केन्द्रमै विमोचन गर्नुभयो । यो बाध्यता कि केन्द्रप्रतिको मोह ?

म सधैं भन्छु, 'काठमाडौं पहिला जंगलको बाघजस्तो थियो, अलिपछि चिडियाखानाको बाघजस्तो भयो र अहिले त कागजको बाघजस्तो भएको छ ।' मेरो पहिलो किताब निस्किँदा कीर्तिपुरमा पढ्दै थिएँ । यसर्थ, काठमाडौंमै विमोचन भयो । त्यसपछिको किताब पोखराकै प्रकाशकले निकाले र यतै विमोचन भयो । त्यसपछिका दुइटा किताब काठमाडौंका प्रकाशकले निकाले र उतै विमोचन भयो । पोखरामा चाहिँ गृह विमोचन भयो । यो बाध्यता र केन्द्रप्रतिको मोह दुवै होइन, परिस्थितिजन्य कुरा मात्र हो । राजधानीले ल्याप्चे नलगाइदेसम्म लेखक बन्न सकिँदैन भनेर मेरा केही साथी काठमाडौंमै अलमल गरिरहेका वेला म साठीको दशकमै काठमाडौंमा पढाइ सकेर आफ्नो कर्मभूमि पोखरालाई बनाउँछु भनेर फर्केको मान्छे हुँ । यस्तोमा केन्द्रप्रतिको मोह ममा छैन । यसो भन्दैमा नानाभाँती भन्दै काठमाडौंलाई गाली गर्ने प्रवृत्ति पनि ममा छैन । आफू काठमाडौं नबसे पनि काठमाडौंको भाइब्स मलाई मन पर्छ । सायद यो केन्द्रप्रतिको सम्मान वा यस्तै केही हो ।

५ नेपाली कविता र आख्यानमा समकालीन नारी लेखन कहाँ हुनुपर्थ्यो, कहाँ देख्नुहुन्छ ?

प्रतिभा र लेखनलाई नाप्ने इन्चिटेप मसँग छैन । भएको भए पुरुष लेखनभन्दा नारी लेखन यति इन्च अगाडि वा पछाडि भनिदिन्थे । लामो समयसम्म नारी लेखनलाई थाङ्ने, गनगन र कुण्ठाको अभिव्यक्ति मात्र हो भन्ने जुन ट्याग भिराइएको थियो, त्यो ट्याग अब हटिसकेको छ । बौद्धिकता र प्रयोगको दुनियाँतर्फ नेपाली नारी लेखनउन्मुख छ । जंगलमा ठुल्ठूला रूख मात्र हुँदैनन्, झाडी र झारपात पनि हुन्छन् । यो कुरा प्रतिभाको सवालमा पनि लागू हुन्छ । नारी लेखनमा पनि यो खाले मिसमास आस्तित्विक परिदृश्य देख्न सकिन्छ । उतिवेला भर्जिनिया उल्फले भनेको 'अ रुम अफ ओन्स ओन' धेरैसँग नभएको अवस्थामा पनि गुणात्मक हिसाबले नारी लेखन अब्बल र हस्तक्षेपकारी छ ।


● **मीनराज बसन्त**

अभिलेखमा सरसफाइविद्का काम

लागू गर्दै आएका छन् । उनले राष्ट्र र समाजको पक्षमा गरेका यावत कार्य अनुकरणीय मात्र होइन, उदाहरणीयसमेत छन् ।

नेपालको सरसफाइ क्षेत्रका अभियन्ता हुन्, नमस्तेलाल । उनी एकजना जागिरे मात्र होइनन्, मुलुकको सरसफाइ अभियानमा प्रतिबद्ध व्यक्ति पनि हुन् । उनको कर्मशील व्यक्तित्वकै कारण मुलुकलाई दिशामुक्त क्षेत्र घोषणा गर्ने कार्यमा सहयोग मिल्यो । विदेशी संस्थामा काम गर्ने अवसर प्राप्त गरेका नमस्तेलालले समय र कामको महत्त्वलाई अत्यन्त नजिकबाट आत्मसात् गरेका छन् ।

नेपाली भाषा, नेपाल भाषा र अंग्रेजी भाषामा गरी एकदर्जनभन्दा बढी पुस्तक लेखेका नमस्तेलालका बारेमा यसै वर्ष योगेशमान श्रेष्ठको सम्पादनमा 'नमस्तेलाल देशभित्र देशबाहिर' पुस्तक प्रकाशित भएको छ । यस पुस्तकको भाषा सम्पादन मेदनी भण्डारी र आवरण कला विश्व थापाले गरेका छन् । यस पुस्तकको प्रकाशक खोजी प्रकाशन गृह प्रालिले गरेको छ । नमस्तेलालका बारेमा खोज, अध्ययन र अनुसन्धान गरी लेखिएको यो पछिल्लो कृति हो । यस पुस्तकको भूमिका पत्रकार जगदीश खरेलले लेखेका छन् । पत्रकार खरेलको बुझाइमा नेपालमा सामाजिक विकासको पर्याय र सरसफाइ क्षेत्रका अनमोल रत्न हुन् नमस्तेलाल ।



सरसफाइविद् नमस्तेलालले गरेका समग्र सामाजिक सेवाबारे बन्दीपुरका वातावरणविद् सुदर्शन प्रधानको मूल्यांकन छ- यो महान् नगरी बन्दीपुरमा ढुंगाको छपनी बिछ्याउने र गाडी आवतजावत रोक्ने अभियानमा लामोसमयदेखि धेरैभन्दा धेरै व्यक्तिहरू, संघसंस्थाहरू एवं केही राजनीतिक दलहरूको पनि सहयोग सद्भाव र योगदान रहेको छ । सबैको अथक मिहिनेत र परिश्रमद्वारा यो कार्य सम्भव भएको हो, तर पछिल्लो समय सुझबुझका साथ योजना बनाउने नमस्तेलालको सक्रियता भने निर्विवाद रूपले विशिष्ट रहेको छ ।'

सरसफाइविद् नमस्तेलाल सन् १९८५ मा लुथरन विश्व सेवामा थिए । सन् १९९४ मा विश्वकै पहिलो सरसफाइ नीति तयार गरी त्यसलाई कार्यान्वयनमा उनैले प्रवेश गराएका थिए । उनकै पहलमा पहिलो सरसफाइ नीति तयार गरी त्यसलाई कार्यान्वयनमा प्रवेश गराएका थिए भने सन् २०१९ मा नेपाललाई दिशामुक्त क्षेत्र घोषणा गर्नमा उनको बेजोड भूमिका थियो । 'नमस्तेलाल देशभित्र देशबाहिर' पुस्तकमा विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा छापिएका सामग्री संकलन गरिएका छन् । यीमध्ये उनले सन् १९९५ मा स्विडेनको वर्ल्डवर्ग टेलिभिजनमा दिएको अन्तर्वार्तालाई कर्मको कदर भनेका छन् । विकासप्रेमी व्यक्तित्व नमस्तेलालको उद्देश्य र कामप्रतिको समर्पणभावलाई समस्त नेपालीले गौरव गर्नुपर्छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



राजनीति



मेरी केट क्यारी



अमेरिकी राजनीतिमा वृद्धहरूको वर्चस्व

राजनीतिबाट किन रिटायर्ड हुन चाहँदैनन् नेता ?

अमेरिकी संसद्मा वृद्ध नेताको सूची लामो छ। उनीहरूमध्ये कुनै पनि राजनीतिज्ञले अवकाश लिने छनक देखाएका छैनन्।

वर्षौंको कडा परिश्रमपछि बाँकी वर्ष रमाइलो गर्ने वृद्ध राजनीतिज्ञहरूको अन्य सोख नै छैन। अर्थात्, उनीहरूले लामो समय जुन काम गरे, वृद्धावस्थामा पनि त्यही कामबाहेक अरूमा रमाउन सकेनन्। राजनीति गरेकाले योबाहेक अन्य विकल्प देखेनन्।

पूर्वराष्ट्रपति बिल क्लिन्टन सन् २०२३ को सुरुमा ह्वाइट हाउसमा झुलुक्क देखा परे। उनी त्यहाँ राष्ट्रपति जो बाइडेनसँग परिवार तथा चिकित्सा बिदा ऐनको ३०औँ वार्षिकोत्सव मनाउन पुगेका थिए। दृश्यले क्लिन्टन राष्ट्रपति भएको तीन दशक पूरा भयो भन्ने तथ्य स्विकार्न गाह्रो थियो। किनकि ७७ वर्षीय क्लिन्टन उमेरका हिसाबले बाइडेनभन्दा तीन वर्ष कान्छा छन्।

हाल ८१ वर्षका बाइडेन ओभल अफिस (अमेरिकी राष्ट्रपतिको औपचारिक कार्यस्थल)मा बस्ने पहिलो वृद्ध नेता हुन् र उनका मुख्य प्रतिद्वन्द्वी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प ७७ वर्षका छन्। सन् २०२३ को अक्टोबरमा गरिएको मोनमाउथ विश्वविद्यालयको सर्वेक्षणले झन्डै तीनचौथाइ मतदाताले बाइडेनलाई पदमा रहन धेरै नै बूढो ठान्छन्। त्यस्तै, झन्डै आधा मतदाताले ट्रम्पलाई ओहदामा रहन धेरै बूढो भएको मान्छन्। अझ विडम्बना नै मान्नुपर्छ, आगामी नोभेम्बरमा हुने राष्ट्रपति निर्वाचनमा यिनै दुई वृद्ध नेताबीच प्रतिस्पर्धा हुने निश्चित छ। हालै सम्पन्न भएका प्राइमरी निर्वाचनले डेमोक्र्याट्स र रिपब्लिकन पार्टीबाट क्रमशः बाइडेन र ट्रम्पलाई राष्ट्रपतिको उम्मेदवार बनाउने संकेत गरेको हो।

मेरा पूर्वमालिक राष्ट्रपति जर्ज एच डब्ल्यु बुसले सन् १९९६ को चुनावमा क्लिन्टनलाई फेरि चुनौती नदिने निर्णय गरे। यदि उनले चुनावी प्रतिस्पर्धामा भाग लिएर जितेका भए सन् १९९७ को शपथमा उनी ७२ वर्षका हुने थिए। यसको सट्टा उनले राजनीतिबाट विश्राम लिएपछि मानवीय कार्य, स्काइडाइभिङ र नातिनातिनासँग रमाएर भरपूर आनन्द लिए। बुसको राष्ट्रपतिको पदावधिपछिको जीवन र सामान्यतया अमेरिकी सेवानिवृत्ति हुने आदर्शले बाइडेन र ट्रम्प (जो औसत अमेरिकीको सेवानिवृत्ति उमेरभन्दा डेढ दशक बढी छन्) किन फेरि संसारमै सबैभन्दा कठिन कामका लागि अगाडि बढिरहेका छन् भन्ने प्रश्न खडा गर्छ।

■ अमेरिकामा वृद्ध नेताको ट्रेन्ड

ट्रम्प र बाइडेन राष्ट्रपतिको रूपमा सेवा गर्ने तीन सबैभन्दा वृद्ध पुरुषमध्ये दुई हुन्। यसअघि विलियम हेनरी ह्यारिसनले रोनाल्ड रेगन नआउन्जेलसम्म सबैभन्दा वृद्ध निर्वाचित राष्ट्रपतिको रूपमा रेकर्ड राखे। ह्यारिसनले सन् १८४१ मा पदभार ग्रहण गर्दा उनी ६८ वर्षका थिए। त्यस्तै, सन् १९८१ मा आफ्नो पहिलो कार्यकाल सुरु गर्दा रेगन ६९ वर्षका थिए।

७७ वर्षको उमेरमा पद छोड्दा रेगन राष्ट्रपतिको रूपमा सेवा गर्ने सबैभन्दा वृद्ध व्यक्ति साबित भए। ट्रम्पले ७४ वर्षको उमेरमा पद छाडे। उनी रेगन र बाइडेनपछि पदवहाली गर्ने तेस्रो वृद्ध नेता बने।

जनगणना ब्युरोका अनुसार अमेरिकामा औसत उमेर ३९.९ हो। तर, सदन र सिनेटमा क्रमशः ५८ र ६४ वर्ष औसत उमेरका साथ राष्ट्रको शासक वर्गलाई वर्णन गर्न प्रयोग गरिने शब्द 'जेरोन्टोक्रेसी' (बुढाबुढीहरूद्वारा शासित राजनीतिक प्रणाली) हो। अमेरिकी अनलाइन पब्लिकेसन टिन भोग्युले यस शब्दलाई 'वृद्धद्वाराशासित सरकार' भनेर परिभाषित गऱ्यो। भ्याटिकन वा इरानमा अयातोल्लाहजस्ता धार्मिक नेतृत्वमा जेरोन्टोक्रेसीहरू बढी सामान्य छन्। शीतयुद्धको समयमा सोभियत पोलिटब्युरोजस्ता कम्युनिस्ट समितिहरूमा पनि जेरोन्टोक्रेसी सामान्य थियो। वास्तवमा लोकतन्त्रमा वृद्ध नेता कम हुन्छन्।

■ संसद्मा पनि वृद्धकै हालिमुहाली

बाइडेन र ट्रम्प मात्र देशका वृद्ध नेता होइनन्। संसद्मा पनि यस्तै हालत छ। डेमोक्र्याटतर्फ सिनेट नेता चक सुमर ७२ वर्ष र अल्पसंख्यक नेता मिच म्याकोनेल (रिपब्लिकन) ८१ पुगे। रिपब्लिकन सिनेटर चक ग्रास्ले हालै पुनः निर्वाचित भएका छन्। उनी ९० वर्ष पुगिसके। तर, रिटायर हुने कुनै योजना छैन। स्वतन्त्र सिनेटर बर्नी स्यान्डर्स ८१ वर्षका भए। उनले पनि सेवानिवृत्तिबारे केही बताएका छैनन्।

तल्लो सदनमा क्यालिफोर्नियाबाट डेमोक्र्याटतर्फ निर्वाचित तथा पूर्वसभामुख न्यान्सी पेलोसी पनि वृद्ध सांसदको सूचीमा पर्छिन्। ८३ वर्षीया पेलोसीले १९औँ पूर्ण कार्यकालका लागि पुनः चुनावमा उम्मेदवार हुन लागेको हालै घोषणा गरेकी छिन्। न्युजर्सीका डेमोक्र्याट बिल पास्क्रेल जुनियर र वासिंटन डिसीका ननभोटिङ प्रतिनिधिको रूपमा काम गर्ने डेमोक्र्याट एलेनोर होम्स नोर्टन दुवै ८६ वर्षका छन्। केन्टकीका रिपब्लिकन ह्यारोल्ड रोजर्स र क्यालिफोर्नियाका डेमोक्र्याट म्याक्सिन वाटर्स दुवै ८५ वर्षका छन्। म्यारिल्यान्ड डेमोक्र्याट स्टेनी होयर ८४औँ वसन्तमा टेक्दै छन्। नाम केलाउँदै जाने हो भने संसद्मा वृद्ध नेताको सूची लामो छ। उनीहरूमध्ये कुनै पनि राजनीतिज्ञले अवकाश लिने छनक देखाएका छैनन्।

अमेरिकाका महत्त्वपूर्ण सरकारी भवन रहेको क्यापिटल हिलमा केही वर्षपहिले एक स्थानीय फार्मासिस्टले संसद् सदस्यहरूका लागि अल्जाइमरको औषधिका लागि प्रिस्क्रिप्सन भरेको खुलासा गरेपछि त्यो विषय समाचारको शीर्षक बनेको थियो। संसद्मा २० जना पाका सदस्यमध्ये एकजना ८० वर्षका छन् र यो १७९८ पछिको तेस्रो सबैभन्दा वृद्ध सदन हो।

■ ढिलो विश्राम लिने कारण

सामान्यतया अधिकांश बेबी बुमर्स (दोस्रो विश्वयुद्धपछि जन्मेका व्यक्ति)ले सेवानिवृत्तिमा ढिलाइ गर्छन् किनभने तिनीहरू मुद्रास्फीति वा बचतको कमीका कारण काम रोक्न सक्दैनन्। तर, यी सबै राजनीतिक नेताको बैंकमा मनग्य पैसा छ। धेरै नेता त करोडपति छन्। सेवानिवृत्त भएमा तिनीहरूले उपचारका अतिरिक्त सरकारी निवृत्तिभरण र स्वास्थ्य सेवा सुविधाको आनन्द लिन पाउँछन्। त्यसैले तिनीहरूका लागि यो सम्भवतः आर्थिक पाटो होइन।

नेताहरूले राजनीतिबाट विश्राम नलिने एउटा कारणमा अस्वीकारको सिद्धान्त पनि हुन सक्छ। आफ्नो मृत्युको सम्झना कसैलाई पनि मन पर्दैन। म ती मानिसलाई चिन्छु, जसले सेवानिवृत्तिलाई मृत्युसँग तुलना गर्छन्। उनीहरू सोच्छन् कि सेवानिवृत्त मृत्युसँग जोडिएको छ। यसले पूर्वसिनेटर डियान फाइनस्टिन र सर्वोच्च अदालतकी पूर्वन्यायाधीश रुथ बडर गिन्सबर्ग दुवैजना पदमा लामो समयसम्म रहनुको कारणलाई व्याख्या गर्न सक्छ। फाइनस्टिन (९० वर्ष) र गिन्सबर्ग (८७) मृत्युपर्यन्त पदमा रहे।

केही नेताका लागि यो पहिचानसँग पनि जोडिएको छ। मैले देखेका धेरै वरिष्ठ नेताहरूले यति लामो समयसम्म कडा परिश्रम गरेका छन् कि उनीहरूको सम्पूर्ण पहिचान उनीहरूको काम (राजनीति)सँग जोडिएको छ। वर्षौंको कडा परिश्रमपछि बाँकी वर्षमा रमाइलो गर्ने उनीहरूको अन्य सोख नै छैन। अर्थात्, उनीहरूले लामो समय जुन काम गरे, वृद्धावस्थामा पनि त्यही कामबाहेक अरूमा रमाउन सकेनन्। राजनीति गरेकाले योबाहेक अन्य विकल्प देखेनन्।

अर्को सिद्धान्त अहंकार पनि हो। केही सांसद सोच्छन् कि तिनीहरू देशका लागि अपरिहार्य छन्। उनीहरू मात्र त्यस्ता व्यक्ति हुन्, जसले सम्भवतः काम गर्न सक्छन्। राजनीतिक संसारमा उनीहरूको चासो प्रायः शक्तिका बारेमा पनि हुन्छ। उनीहरूले यसरी सोच्न सक्छन्- झन्डै विभाजित सदन वा सिनेटमा मैले किन निर्णायक मत नदिने ? म राष्ट्रपतिको हैसियतमा एयरफोर्स वनमा सयर गर्दै किन भाषण नदिने वा म प्रजातन्त्र बचाउँदै छु भनेर किन नभन्ने ?

■ उमेर हद र मानसिक क्षमता

संघीय निर्वाचित कार्यालयका लागि उमेर हद तोक्न आह्वान गरिएको छ। आखिर संघीय कानुन प्रवर्तन अधिकारीहरूको ५७ वर्षमा अनिवार्य सेवानिवृत्ति छ। राष्ट्रिय निकुञ्ज रेन्जर पनि सोही उमेरमा सेवानिवृत्त हुने प्रावधान छ। तैपनि संसारको सबैभन्दा तनावपूर्ण कामको कुनै माथिल्लो उमेर सीमा छैन।

अनिवार्य सेवानिवृत्तिलाई उमेरवादी र स्वेच्छाचारी हो भनेर सोच्नेहरूका लागि त्यहाँ अन्य विकल्प छन्, रिपब्लिकन उम्मेदवार निक्की हेली (अहिले चुनावी दौडबाट बाहिरिइन्) ले ७५ वर्षमाथिका निर्वाचित नेताहरूका लागि अनिवार्य मानसिक क्षमता परीक्षणको आह्वान गरिन्, यद्यपि उनी उत्तीर्ण हुनु पदका लागि आवश्यक योग्यता नहुने बताउँछिन्। सेप्टेम्बर २०२३ को सर्वेक्षणले देखाउँछ कि अमेरिकीहरूको ठूलो बहुमत दक्षता परीक्षणलाई समर्थन गर्छ। यस तरिकाले को तीक्ष्ण छन् र को छैनन् भने जनताले थाहा पाउनेछन्। यो मलाई राम्रो विचारजस्तो लाग्छ।

भर्जिनिया विश्वविद्यालयको राजनीति केन्द्रका निर्देशक तथा मेरा सहकर्मी प्राध्यापक ल्यारी सबाटो भन्छन्, 'म ७० वर्षको भएँ। यसैले मलाई यी मानिसप्रति ठूलो सहानुभूति छ।

(क्यारी युनिभर्सिटी अफ भर्जिनियाकी राजनीतिशास्त्रकी सहायक प्राध्यापक तथा थिंक अगेनकी निर्देशक हुन्। सन् १९८९ देखि १९९२ सम्म उनले ह्वाइटहाउमा राष्ट्रपति जर्ज एच डब्लु बुसको भाषण लेखेकी थिइन्। यो आलेख 'द कन्भर्सेसन'बाट सुभाष शर्माले अनुवाद गरेका हुन्।)

हिमालतिर

पवन बराइली

अस्पताल छोडेर हिमालमा रमाएका डाक्टर



डा. निमा नाम्गेल शेर्पा

छोरो डाक्टर भएपछि निमाको परिवारमा मात्रै होइन, गाउँमै खुसी छायो। किनकि, उनी गाउँभरिकै पहिलो चिकित्सक थिए। तर, उनको मन भने अस्पतालमा अडिएन। अस्पतालको चार दिवारभित्र उनले निसास्सिएको महसुस गरे। त्यसपछि सन् २०१२ मा अस्पताल छाडेर हिमालतिर उक्लिए

अवसर र सुखसयलको उपाय खोजिरहनु मानिसको स्वभाव हो। मानिसहरू काम, अध्ययन, र अवसरको खोजीमा गाउँबाट सहर पस्छन्, कोही विदेशिन्छन्। पढेलेखेर, ज्ञानसीप आर्जन गरेर विरलै मानिसहरू गाउँघर फर्किन्छन्। यसरी गाउँ फर्किनेहरू मध्येका हुन् डा. निमा नाम्गेल शेर्पा। डा. निमा एप्रोन र स्टेथोस्कोपमा अस्पतालको वार्डमा भेटिनुपर्ने हो। तर, उनी हिमाल आरोहणमा जानेहरूलाई तालिम दिइरहेका भेटिन्छन्। हरेक सिजनमा उनी सगरमाथा आधार शिविरतर्फ लम्किन्छन्। आधार शिविरमा उनी आरोहीको स्वास्थ्य जाँच गरिरहेका हुन्छन्। १३ वर्षयता निमा हिमालमै रमाइरहेका छन्।

सोलुखुम्बुको खुम्जुङ गाउँमा जन्मिएका निमाको बाल्यकाल त्यहीं बित्यो। सिजनमा बुबा ट्रेकिङ जान्थे। आमा सोलुखुम्बुको डोलेमा आरोहीलाई चिया बेच्थिन्। निमा पनि आमासँगै डोलेमै चिया बेच्न उक्लिन्थे। यसरी नै बित्यो निमाको बाल्यकाल। 'म घरको जेठा छोरा भएकाले जिम्मेवारी धेरै थियो। भाइबहिनी हेर्ने र बुबाआमालाई पनि काममा सघाउनुपर्थ्यो। बुबा सिजनमा ट्रेकिङ गए पनि अरू वेला चौंरीगोठमै बस्नुहुन्थ्यो। त्यहींबाट हाम्रो घरखर्च चल्थ्यो,' निमा बाल्यकाल सम्झिन्छन्।

कक्षामा सधैं प्रथम हुने निमाले गाउँको स्कुलमा कक्षा तीनसम्म मात्रै पढे। अब्बल भएका कारण निमाका बुबाआमालाई शिक्षकले काठमाडौंमा पढाउन सुझाव दिए। 'स्कुलमा पढ्दा सरहरूले भविष्यमा के बन्छस् भनेर सोध्दा डाक्टर बन्छु भन्थें। मेरो सपना नै डाक्टर बन्ने थियो। पहिले हाम्रो गाउँमा डाक्टर थिएनन्। गाउँमा मान्छेहरू बिरामी भएको देख्दा म कुनै दिन डाक्टर बनेर उपचार गर्न आउँछु भन्ने लाग्थ्यो,' निमाले विगत सम्झिए।

सन् २००८ मा निमा चीनमा एमबिबिस पढ्न गए। एमबिबिएस पढाइ सकेपछि काठमाडौंको मेडिकेयर अस्पतालमा जागिर सुरु गरे। झन्डै डेढ वर्ष अस्पतालमा जागिरे भए। छोरो डाक्टर भएपछि निमाको परिवार मात्रै होइन, गाउँमै खुसी छायो। किनकि, उनी गाउँभरिकै पहिलो चिकित्सक थिए। तर, उनको मन भने अस्पतालमा अडिएन। सन् २०१२ मा अस्पताल छाडेर हिमालतिर उक्लिए। 'झन्डै डेढ वर्ष अस्पतालमा काम गरें। तर, अस्पतालमा काम गर्दा कहिल्यै कम्फर्टेबल फिल भएन। जहिल्यै उकुसमुकुस भयो। त्यसपछि अस्पतालको काम छोड्ने निर्णय गरें,' निमा भन्छन्।

अस्पताल छाडेर हिमालतिर

सन् २०११ मा 'एभरेस्ट म्याराथन' एक्पिडिसन डाक्टर रूपमा निमा हिमालमा गए। त्यसवेला दुई हप्ता सगरमाथा आधार शिविरमा बिताए। 'जिन्दगीमा पहिलोपटक काला पत्थर पुगें। त्यसअघि हिमालको फेदमा जन्मिएर पनि एभरेस्ट बेस क्याम्पसम्म पनि पुगेको थिइनँ। त्यसपछि अझ मलाई हिमालमै काम गर्ने विचार आयो,' उनी भन्छन्।

त्यसपछि निमाले डिम्लोमा इन माउन्टेन मेडिसिनको कोर्स पढे। एक वर्षमा यो कोर्स पूरा भएपछि डिम्लोमा इन माउन्टेन इमर्जेन्सी मेडिसिनको पनि कोर्स पूरा गरे। आधार शिविरमा उनले व्यवस्थापक पनि भएर काम गरे। उनले त्यहाँको स्वास्थ सेवा, सुरक्षा, जोखिम व्यवस्थापनलगायत थुप्रै समस्या नजिकबाट देखे। उनले बिस्तारै आफ्नो सेवा विस्तार गरे। 'लाइसेन्स पाएका गाइडहरूसँग पनि प्राथमिक उपचारबारे सामान्य जानकारी पनि थिएन। त्यहाँ निकै काहालीलाग्दो अवस्था थियो। रक्तस्राव भएर कतिको बाटोमै मृत्यु नै हुन्थ्यो,' उनी भन्छन्, 'त्यतिवेला आफ्नै खर्चमा गएर भरिया र आरोहीको उपचार गर्थें। त्यसपछि मैले हिमालको समस्या भन्ने बुझ्ने मौका पाएँ।'

निमालाई सगरमाथाको चुचुरोमा पुग्ने हुटहुटी जाग्यो। उनले साहस बटुलेर सगरमाथा चढेर छाड्ने निधो गरे। सन् २०१३ मा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण पनि गरे। 'मान्छेहरू सगरमाथा किन चढिरहेका छन् भन्ने मनमा उत्सुकता जाग्यो। त्यसपछि सगरमाथाको टुप्पोमा के-के स्वास्थ्य समस्या आउँदो रहेछ भन्ने अनुभव गर्न पनि मन थियो,' उनले भने। त्यसपछि उनले मनास्लु र आमादब्लम हिमाल पनि चढे। कैयन् हिमाल आरोहीको उद्धार पनि गरे।

आरोहीका डाक्टर

सन् २०१५ को भूकम्पमा उनी सगरमाथा आधार शिविरमै थिए। उनीसहित २० जनाको टिम थियो। हिउँ नभरेकाले उनीहरू सकुशल रहन सफल भए। त्यो क्षण सम्झँदा निमाको मथिंगल हल्लिन्छ। त्यो घटना सम्झन चाहँदैनन्। सबै चिच्याएको कराएको आवाज मात्रै सुने। 'रेस्क्यु र उपचारतिर ध्यान गयो,' उनी भन्छन्, 'हामी डाक्टरहरूले सकेसम्म सबैलाई बचाऊँ भन्ने हुन्छ। तर, कतिपयलाई जति कोसिस गर्दा पनि बचाउन सकिएन। त्यो क्षण सम्झँदा निकै दुःख लाग्छ।'

सन् २०१२ मा खुम्बु आइसफलमा हिमपहिरो गयो। त्यसवेला उनी त्यहीं थिए। संयोगले उनी बाँचे। त्यस्ता संयोगहरू उनको जीवनमा धेरैपटक आयो। उनी भन्छन्, 'यस्ता विपत्तिहरूले थप सिकाउँदो रहेछ। अस्पतालमा बसेको भए बाहिरी संसार बुझ्दिन थिएँ। हिमालले मलाई जीवनलाई नजिकबाट बुझ्न सिकायो।'

सन् २०१२ मा अस्पतालबाट राजीनामा दिँदा निमालाई धेरैले 'पागल'को संज्ञा पनि दिए। मानिसहरूले भने, 'डाक्टर पढेर पनि पुर्खाहरूजस्तै हिमालमा भारी बोक्न किन फर्किएको होला ?' अस्पताल छाडेर हिमालतिर जाँदा उनका बुबाआमा सबैभन्दा धेरै दुःखी थिए। किनकि, उनीहरू छोरालाई अस्पतालकै डाक्टर देख्न चाहन्थे। तर, निमाको मन भने हिमालतिरै मोडियो। निमा भन्छन्, 'बुबाले चौंरी हेरेर र आमाले चिया बेचेर मलाई डाक्टर पढाउनुभयो। डाक्टर बनेपछि म सहरमा बसिरहनुहुँदैन भन्ने लाग्यो। त्यसपछि हिमालतिरै उक्लिएँ।' यसरी निमा पहिलो नेपाली 'माउन्टेन डाक्टर' बने।

पर्याप्त पूर्वतयारीविना हिमाल आरोहण गर्न नहुने निमाको अनुभव छ। अधिकांश दुर्घटना पूर्वतयारी नपुगेर हुने उनी भन्छन्। 'पैसा भएपछि हिमाल चढ्ने र रेकर्ड राख्ने सोच गरेको देखिन्छ। तर, पूर्वतयारी खासै गरिएको देखिँदैन। त्यसैले पनि दुर्घटना बढिरहेको छ,' निमा भन्छन्, 'हिमाल चढ्नु शेर्पाहरूका लागि बाध्यता हो। अरूका लागि रहर।'

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १७ चैत ०८०

आगामी वर्षको बजेट लेख्ने टिम तयार

बजेट र कार्यक्रमबारे अब अर्थ मन्त्रालयमा दफावार छलफल हुने

पवन तिमिल्सिना/नयाँ पत्रिका

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष ०८१/८२ को बजेट वक्तव्य लेख्ने टिम बनाएको छ।

अर्थमन्त्री वर्षमान पुन अनन्तले बजेट मस्यौदा लेखन समिति गठन गरेका हुन्। अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखा प्रमुख रहेका सहसचिव धनीराम शर्माको संयोजकत्वमा केही दिनअघि पुनले सहसचिवहरूको जिम्मेवारी फेरबदल गरेका थिए। सहसचिव धनीराम शर्माको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरिएको हो।

यो समितिले अर्थमन्त्री पुन, अर्थसचिव डा. कृष्णहरि पुष्कर र राजस्वसचिव डा. रामप्रसाद घिमिरेको समन्वयमा बजेट लेख्नेछ। समिति सदस्यहरूमा अर्थ मन्त्रालयका सहसचिवहरू रितेशकुमार शाक्य, महेश आचार्य, रामप्रसाद आचार्य र ईश्वरी अर्याल छन् भने आन्तरिक राजस्व विभागकी उपमहानिर्देशक पार्वती शर्मा पनि सदस्य छिन्।

शाक्य अहिले बजेट महाशाखा प्रमुख छन्। यसअघि आन्तरिक राजस्व विभागको महानिर्देशक हुँदै राजस्व व्यवस्थापन महाशाखा प्रमुखसमेत भइसकेका शाक्यलाई राजस्व नीति तर्जुमाको अनुभव छ।

समिति संयोजक शर्माले शनिबार नै बैठक बसेर बजेट लेखनको विषयमा प्रारम्भिक छलफल थाल्ने जानकारी दिए। विषयगत मन्त्रालयहरूसँग समन्वय गरेर तत्काल बजेट लेखनको काम थालिने शर्माको भनाइ छ।

यसैबीच सरकारले बजेटको नियमित क्यालेन्डरमा फेरबदल गर्ने व्यवस्थासहित जारी गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी (पहिलो संशोधन) अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संसद्मा दर्ता गरिसकेको छ। अर्थमन्त्री वर्षमान पुनले अध्यादेश संसद्मा पेस भई स्वीकृत भएकाले विधेयक प्रतिनिधिसभामा दर्ता गरेका थिए।

संविधानअनुसार संसद्को अधिवेशन अन्त्य भएका वेला अध्यादेशमार्फत कानुनी व्यवस्था संशोधन गरिन्छ। सरकारले प्रि-बजेट छलफललाई पर्याप्त समयावधि दिन अधिवेशन नभएका वेला ४ माघमा अध्यादेश जारी गरेको थियो। २२ माघमा हिउँदे अधिवेशन प्रारम्भ भएकै दिन संसद्मा पेस भएको अध्यादेश संविधानअनुसार ६० दिन अर्थात् २२ चैतभित्र प्रतिस्थापन विधेयकमार्फत संस्थागत गर्नुपर्छ। संविधानको धारा ११४ अनुसार संघीय संसद्को दुवै सदनले ६० दिनभित्र स्वीकार नगरेमा अध्यादेश स्वतः निष्क्रिय हुन्छ।

अधिल्लोपटक बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा सांसदले राखेका विषय नीति, कार्यक्रम र बजेटमा नसमेटिएको, छलफल कर्मकाण्डी मात्रै भएको, बजेटको मुखमा पर्याप्त छलफल गर्न नपाएको गुनासो सांसदहरूबाट आएपछि यसपटक सरकारले समयावधि पर्याप्त गर्न 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश' जारी गरेर फागुनमा सारेको हो। बजेट प्रस्तुत (१५ जेठ)भन्दा १५ दिनअघि सिद्धान्त र प्राथमिकता पेस गर्ने व्यवस्था अध्यादेशमार्फत संशोधन गरेर फागुनभित्र सरकारले सिद्धान्त र प्राथमिकता पेस गर्ने र संसद्ले छलफल सकेर १५ चैतभित्र सरकारलाई सुझाव पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। सोही व्यवस्थाअनुसार संसद्मा बजेटको सिद्धान्त र प्राथमिकताका विषयमा बृहत् छलफल भइसकेको छ।

अध्यादेशको व्यवस्थाअनुसार सरकारले १४ फागुनमा आव ०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) माथि छलफल गरियोस् भन्ने प्रस्ताव गरेको थियो। दुवै सदनमा ७ चैतसम्म छलफल चलेर अर्थमन्त्रीले जवाफ दिएपछि सकिएको थियो। हाल संसद् सचिवालयले सांसदहरूबाट आएका सुझाव एकीकृत गरिरहेको छ।

बजेट मस्यौदा लेखन समिति



सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit इजीसेन्ट रेमिट

रारा जाने सडकमा १० वटा पक्की पुल बन्दै

नाग्म-गमगढी सडकको विभिन्न खोलामा पुल विभागको ३२ करोड ६८ लाख ९२ हजार लगानीमा पुल निर्माण हुँदै

जुम्लामा **मानदत्त रावल**



प्रसिद्ध पर्यटकीय नगरी राराताल जोड्ने कर्णाली राजमार्गको नाग्म-गमगढी सडकमा १० वटा पक्की पुल निर्माण हुँदै छन्। डिभिजन सडक कार्यालय जुम्लाको पहल र पुल विभागको लगानीमा ठेक्का आह्वान भई पुल निर्माण थालिएको हो।

नाग्म-गमगढी सडकको विभिन्न खोलामा पुल विभागको ३२ करोड ६८ लाख ९२ हजार लगानीमा १० वटा पक्की पुल निर्माण भइरहेको डिभिजन सडक कार्यालय जुम्लाले जनाएको छ।

यद्यपि, १० वटा पुलमध्ये चारवटाको निर्माण कार्य अझै सुरु हुन सकेको छैन भने ६ वटाको निर्माण कार्य भइरहेको छ। कार्यालयका सूचना अधिकारी चित्र चौलागाईंका अनुसार नाग्म-गमगढी सडकको प्रवेशद्वारमै जग्गाको मुआब्जा विवादले पुल निर्माण अघि बढ्न सकेको छैन।९ फागुन ०७८ मा ठेक्का सम्झौता भई ८ भदौ ०८२ मा सम्पन्न गर्नुपर्ने भए पनि चारवटा पुलको काम सुरु नहुँदा निर्धारित समयमा पुल निर्माण नहुने आशंका बढेको छ।

हिम सगरमाथा कन्स्ट्रक्सन' प्रालि भरतपुर-१०, चितवनले १० वटै पक्की पुलको ठेक्का पाएको छ। मौसमी प्रतिकूलता, जनशक्ति, निर्माण सामग्री, बजेटको अभाव तथा कठिन भूगोलबीच पनि निर्माण कार्य भइरहेको कम्पनीले जनाएको छ।

बाँकी चारवटा पुलको कामलाई पछि अघि बढाउने र निर्धारित समयमै १० वटै पुलको काम सम्पन्न गर्ने कम्पनीको दाबी छ।

वसन्तकालीन हिमाल आरोहणको अनुमति दिन सुरु



नयाँ पत्रिका

सरकारले वसन्तकालीन सिजनमा हिमाल आरोहणका लागि अनुमति दिन सुरु गरेको छ। मंगलबारसम्म ६ वटा हिमाल आरोहणका लागि नौ टिमबाट ६८ जनाले अनुमति पाएको पर्यटन विभागले जनाएको छ। जसमा २१ जना महिला आरोही रहेका छन्।

सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि दुई टिमबाट पाँच महिलासहित २३ जनाले अनुमति लिएका छन्। अन्नपूर्ण प्रथम (८,०९१ मि.) आरोहणका लागि २४ आरोहीले अनुमति लिएका छन् भने आमादब्लम (६,८१४ मि.) आरोहणका लागि आठ, हिमलुङ (७,१२६ मि.) आरोहणका लागि पाँच, जुगल ३ (६,१८४ मि.) आरोहणका लागि एक र पुथा हिउँचुली (७,२४६ मि.) आरोहण गर्न सातजनाले अनुमति लिएको विभागले जनाएको छ।

६ हिमाल आरोहण गर्न ६८ जनाले पाए अनुमति

सगरमाथा : २३
अन्नपूर्ण : २४
आमादब्लम : ८
पुथा हिउँचुली : ७
हिमलुङ : ५

अहिलेसम्म अनुमति लिएका आरोहीबाट चार करोड ६ लाख रुपैयाँ रोयल्टी उठेको छ, जसमध्ये तीन करोड ३७ लाख रुपैयाँ सगरमाथा आरोहीबाट उठेको हो। सगरमाथा आरोहणका लागि विदेशीले प्रतिव्यक्ति ११ हजार अमेरिकी डलर र नेपालीले ७५ हजार तिर्नुपर्ने हुन्छ।

वसन्त सिजनमा सबैभन्दा धेरै सगरमाथा चढ्ने गर्छन्। सगरमाथा आरोहणका लागि वसन्त ऋतु उत्तम मानिन्छ। अरू सिजनमा सगरमाथा आरोहण गर्ने फाट्टफुट्ट मात्र हुने गर्छन्। रोयल्टीमा पनि सबैभन्दा धेरै योगदान सगरमाथाकै हुने गर्छ।

बुटवल बाइपास रोडमा पहिले बजेट फ्रिज, अहिले अपुग

बुटवलमा **विष्णु घिमिरे**

बुटवल उपमहानगरभित्रका सडक व्यवस्थित गर्न अघि बढाइएको 'बुटवल लिंक रोड (बाइपास) परियोजनाअन्तर्गतका ६ सडकमध्ये तीनवटा मात्रै निर्माणाधीन अवस्थामा छन्। निर्माणाधीनमध्ये बुटवल उपमहानगरपालिका-११ मा पर्ने रंगशाला-हात्तीसुढ सडक भने बजेट अभावका कारण अघि बढ्न सकेको छैन।

पहिलोपटक ०७४ मा यो सडक निर्माणका लागि डेढ करोड विनियोजन भएको थियो। तर, स्थानीय अवरोधले काम नहुँदा पहिलो वर्षको बजेट फ्रिज भएको बुटवल उपमहानगरपालिका-११ का वडाध्यक्ष रामचन्द्र क्षेत्रीले जानकारी दिए। 'यो सडक विस्तार गरी कालोपत्रे गर्ने योजना ०७४ सालमा अगाडि बढेकोमा वर्षौंसम्म कामले गति लिन सकेन। तर, अहिले स्थानीयको सक्रियतामा कामले गति लिन थालेको छ,' उनले भने, 'पहिलो वर्षको बजेट फ्रिज भएपछि ०७५ मा यो सडकका लागि ६८ लाख बजेट पऱ्यो, तर त्यो पनि फ्रिज भयो।'

सडकका लागि बजेट परिरहँदा स्थानीयले निर्माणको आस गरेका थिए, तर बाटो विस्तारका क्रममा प्रभावित २३ जनाले जिल्ला अदालतमा रिट दायर गरेपछि भने निर्माण रोकिएको थियो। अदालतले दुई वर्षअघि फैसला गर्दै कसैलाई क्षति नहुने गरी ५१ फिट चौडाइको बाटो बनाउन आदेश दिएपछि निर्माण पुनः सुरु भएको वडाध्यक्ष क्षेत्रीले बताए।

अहिले सबै समस्या समाधान गरेर सडक निर्माणलाई गति दिन खोज्दा बजेटको अभाव भएको उनले गुनासो गरे। 'प्रदेश सरकारले योजना राख्ने, तर संघीय सरकारको खातामा बजेट हुनेजस्ता समस्यालाई पनि समाधान गरेर अहिले निर्माणलाई गति दिन खोजेका छौं, तर पर्याप्त बजेट नै आउन सकेको छैन,' उनले भने।



यो वर्ष बाइपास रोडमा राखिएको बजेट

- धागो कारखाना-योगीकुटी -मगरघाट-तामनगर सडकका लागि ५५ लाख रुपैयाँ विनियोजन गरिएको छ
- रंगशाला-हात्तीसुढ, बेलवास-नयाँगाउँ र मिलनचोक-हात्तीसुढ-बेलवास सडकमा समान २५-२५ लाख रुपैयाँ विनियोजन
- गोलपार्क-चाँदबारी-सिजनगर सडक र मैनाबगर-श्रीरामनगर सम्पर्क सडकमा समान ३५-३५ लाख रुपैयाँ बजेट

एक हजार तीन सय ४० मिटर लामो सडक निर्माणका लागि २९ साउन ०७८ मा ठेक्का सम्झौता भएको डिभिजन सडक कार्यालय, बुटवलका इन्जिनियर देवचन्द्र भण्डारीले जानकारी दिए। उनका अनुसार भ्याटसहित ६ करोड ४९ लाख रुपैयाँ ठेक्का सम्झौता भएको छ। २९ साउन ०७९ मै निर्माण सकिने गरी सम्झौता भएको यस सडकको प्रगति हालसम्म २६ प्रतिशत मात्र छ। डिभिजन सडक कार्यालय बुटवलका अनुसार हालसम्म ७१ लाख ७५ हजार खर्च भएको छ। यस आर्थिक वर्षमा चार करोड बजेट आवश्यक पर्नेमा जम्मा २५ लाख मात्रै विनियोजन भएको छ। अहिले सडकमा दायाँ-बायाँ नाली बनाउने काम जारी छ। इन्जिनियर भण्डारीका अनुसार हालसम्म दुवैतर्फ नौ-नौ सय मिटर नाली बनेको छ।नाली बनिसकेपछि सडकको क्षेत्र स्पष्ट हुने हुँदा कामले गति लिने उनको भनाइ छ। सडक निर्माणमा हाल साइड क्लियरको समस्या रहेकाले साइड क्लियर गर्दै नाली निर्माणमा जोड दिइएको छ।

डिभिजन सडक कार्यालय, बुटवलका सूचना अधिकारीसमेत रहेका इन्जिनियर महेश्वर लम्सालका अनुसार चालू आर्थिक वर्षका लागि लिंक रोडमा रहेका धागो कारखाना-योगीकुटी -मगरघाट-तामनगर सडकका लागि ५५ लाख रुपैयाँ विनियोजन गरिएको छ। त्यस्तै, रंगशाला-हात्तीसुढ, बेलवास-नयाँगाउँ र मिलनचोक-हात्तीसुढ-बेलवास सडकमा समान २५-२५ लाख रुपैयाँ तथा गोलपार्क-चाँदबारी-सिजनगर सडक र मैनाबगर-श्रीरामनगर सम्पर्क सडकमा समान ३५-३५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

सर्वोत्तम सिमेन्टको मूल्यमा सर्किट

काठमाडौं/ गत साता सर्वोत्तम सिमेन्टको सेयर लगातार सर्किट मूल्यमा कारोबार भएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत भएसँगै कम्पनीको सेयर मूल्यमा लगातार सातौंपटक सर्किट मूल्यमा कारोबार भएको हो।

कम्पनीको सेयर ६ चैतबाट नेप्सेमा सूचीकृत भएको थियो। कम्पनीको पहिलो कारोबारी मूल्य पाँच सय ५६ रुपैयाँबाट कारोबार भएको छ। सात दिन लगातार सर्किट लागेर कारोबार भएको कम्पनीको मूल्य बिहीबारसम्म आइपुग्दा एक हजार ८२ दशमलव ७० रुपैयाँमा आइपुगेको छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०१/०७ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय सुर्खेतबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सकने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सकने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम: मिनराज गिरी बाबुको नामः कर्ण गिरी बाजेको नामः कालु गिरी ठेगानाः बिध्यापुर-८, सुर्खेत हाल : पञ्चपुरी-८, सुर्खेत ना.प्र.नं. :४६२१०/१४१७, जारी मिति : २०५८/०८/२० जारी गर्ने कार्यालयः जि.प्र.का., सुर्खेत **कर्जा शीर्षकः हायर पर्चेज, कर्जा लिएको शाखाः सुर्खेत** **जमानीकर्ताको विवरण** **क) नाम : हरिकला गिरी** बाबुको नाम : धनराज वन सन्यासी पतिको नामः मिनराज गिरी ससुराको नामः कर्ण गिरी ठेगानाः बिद्यापुर-८, सुर्खेत, हाल : पञ्चपुरी-८, सुर्खेत ना.प्र.नं.:६४-१०-७०-००४८५, जारी मिति : २०७०/०१/१२ जारी गर्ने कार्यालयः जि.प्र.का., सुर्खेत **ख) नामः मालिकार्जुन इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.** **(संस्थागत जमानीकर्ता)** दर्ता कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं दर्ता नं: २३८२६३/०७७/०७८, दर्ता मितिः २०७७-०४-०५ स्थायी लेखा नम्बरः ६०९७६१४६७ ठेगानाः काठमाण्डौ-२९, काठमाण्डौ	**ग) नाम: रमेश कुमार गिरी** बाबुको नाम : मिनराज गिरी बाजेको नामः कर्ण गिरी ठेगाना : पञ्चपुरी-८, सुर्खेत ना.प्र.नं.:६४-०१-७४-०३६७८ जारी मिति : २०७४/०६/२३ जारी गर्ने कार्यालयः जि.प्र.का., सुर्खेत **घ) नामः सुरेश कार्की** बाबुको नाम : मदन बहादुर कार्की बाजेको नामः तिलविर कार्की ठेगाना : होक्लाबारी-२, मोरङ्ग हालः महालक्ष्मी-४, ललितपुर ना.प्र.नं.:३६३ जारी मिति : २०४५/०१/०९ जारी गर्ने कार्यालय :जि.प्र.का., मोरङ **ङ) अनन्त केशर सिंह** बाबुको नाम : भरत केशर सिंह बाजेको नामः धर्म बहादुर सिंह ठेगाना : काठमाण्डौ-१६, काठमाण्डौ ना.प्र.नं.: ३३२६, जारी मितिः २०४५/०६/१७ जारी गर्ने कार्यालयः जि.का., काठमाण्डौ

सुरक्षणमा रहेको धितोको विवरणः यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी मिनराज गिरी कायम रहेको निम्न अनुसारको ट्रक एक थान।

सवारी दर्ता नं. क प्र ०२ ००१ ख ०३८२	कम्पनीको नाम : टाटा मो. भारत	मोडेल : LPT 1412/42
सवारीको नामः ट्रक	बनेको साल :२०२०	सि.सि./हर्ष पावर : ३७८३
ईन्जिन नम्बरः 497TC44EPY816594	च्यासिस नम्बरः MAT544029K7R10465	सवारीको रङ्ग : सेतो
सवारीको प्रयोग : भाडा ट्रक		

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०१५-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०१५-९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय सुर्खेत वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय सुर्खेतमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Water Quality Improvement and Service Regulation Section
Panipokhari, Kathmandu

Invitation for Bids

Date: March 30, 2024

1. Water Quality Improvement and Service Regulation Section (WQISRS) under Department of Water Supply and Sewerage Management (DWSSM), Panipokhari, Kathmandu invites only electronic bid from eligible bidders for the following assignment.

S. N.	Contract Identification No. and Name of Assignment	Bid Security Amount (NRs.)	Bid document fee (NRs.)	Last Date of Bid Submission
1	DWSSM/WQISRS/NCB-02/080-81/ Goods-02: Supply of Portable Water Quality Test Kit	200000.00	3000.00	29th April 2024 till 12:00 Hrs.

2. Eligible bidders may obtain further information from PPMO's website: www.bolpatra.gov.np/egp.

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार १७ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

एसियाडको त्यो पहिलो कांस्य पदक

एसियन गेम्समा नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाउने महिला खेलाडी हुन्, सीताकुमारी राई । सन् १९९४ मा जापानको हिरोसिमामा भएको एसियन खेलकुदमा उनले देशलाई कांस्य पदक दिलाइन् । पहिलो सहभागितामै जापानिज खेलाडीसँग पराजित हुँदा पनि उनले पदक जितिन् । एसियनस्तरमा पदक जितेपछि र ईलले अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिइनन् । तर, ओलम्पिक खेल्ने रहर भने उनको कहिल्यै पूरा भएन । बिर्तामोडमा करँतेका खेलाडी उत्पादन गरिरहेकी राईले हिरोसिमामा कांस्य जितेको स्मरण नयाँ पत्रिकाकर्मी **रमेश सुवेदी**लाई सरी सुनाइन् :



जापानिज खेलाडी मभन्दा निकै अनुभवी थिइन् । उनीसँग पराजित हुँदा त्यति दुःख लागेन । खेल हारे पनि कांस्य पदक जितैं ।

झापाको गोल्धाप जनजागृति माध्यमिक विद्यालयबाट करँते प्रशिक्षण लिएँ । कलिलै उमेरमा मैले करँते खेल्न थालैं । एक किसिमले मैले करँते खेल ख्यालठट्टामै सुरु गरेकी थिएँ । ०४६ सालमा म भर्खर १३ वर्षकी भएकी थिएँ । वास्तवमा त्यसवेलासम्म मलाई करँते खेलबारे राम्रो जानकारी थिएन । केवल साथीहरूले मैदानमा जस्तो गरेका हुन्थे, मैले त्यसैलाई फलो मात्र गर्थैं । सबैजसो साथीहरू सेतो ड्रेसमा करँते खेलिरहँदा मलाई पनि खेलूँ-खेलूँ लागेको थियो । करँतमै करिअर बनाउँछु वा यही खेल खेल्छु भनेर कल्पना पनि गरेकी थिइनँ । केवल साथीहरूको देखासिकीमै मैले यो खेल खेलेकी हुँ ।

सन् १९९४ मा जापानको हिरोसिमामा एसियाली खेलकुद प्रतियोगिता (एसियाड) हुने भयो । एसियाडमा सहभागी हुनुअघि मलेसियामा अन्तर्राष्ट्रिय करँते प्रतियोगिता आयोजना भएको थियो । हिरोसिमामा एसियाड हुनु तीन महिनाअघि मलेसियामा अन्तर्राष्ट्रियस्तरको करँते भएको हो । यसलाई हामी सबैले एसियाडको अभ्यास र तयारीका रूपमा लियौं । मलेसियामा मात्र होइन, त्यो समयमा नेपालमा आयोजना भएका सबैजसो अन्तर्राष्ट्रिय करँतेमा भाग लिएँ । त्यही समयमा धरानमा भएको बिपी स्मृति अन्तर्राष्ट्रिय करँते च्याम्पियनसिप खेलैं । त्यसपछि धनगढीमा आयोजित शिव स्मृति करँतेमा भाग लिएँ ।

जापानमा हुने एसियन गेम्सका लागि बिर्तामोडमा खेलाडी छनोट भएको थियो । यो ०५० सालतिरको हो । मैले सहभागिता जनाएको तौल समूहमा म उपविजेता भएँ । खासमा छनोट प्रतियोगितामा स्वर्ण जित्ने लक्ष्य नै राखेकी थिएँ । तर, दोस्रोमै चित्त बुझाएँ । छनोट प्रतियोगितामा विजेता र उपविजेता खेलाडीलाई एसियाडको क्लोज क्याम्पमा सहभागी गराउने भनिएको थियो । यसैकारण एसियाडको तयारीका लागि म काठमाडौंमा क्लोज क्याम्पमा सहभागी हुन आएँ ।

छोरीलाई हराएर छनोट

एसियाडको तयारीअनुरूप काठमाडौंमा तीन महिना छनोट हुने भनिएको थियो । मेरो गाउँमा बत्ती थिएन । मट्टीतेल बालेर रात कटाउनुपर्थ्यो । मैले त्यसरी नै पढैं र खेलैं । सैनिक सम्पदाजस्तो स्थानबाट काठमाडौंमा पहिलोपटक टेक्दा ठूलो सहर लागेको थियो । यहाँको विकास हेर्दा धेरै खुसी लाग्यो । काठमाडौं बस्दा-बस्दा विदेश जाने अवसर पाएँ । काठमाडौंमा आयोजना भएको छनोटमा पहिलो स्थान हासिल गर्ने खेलाडीलाई नै एसियाडमा सहभागी गराउने निर्णय थियो ।

एसियाडको छनोटमा म पहिलो भएँ । बिर्तामोडमा मलाई हराएकी छोरी डंगोललाई नै हराउँदै हिरोसिमा एसियाडमा मैले आफ्नो स्थान सुरक्षित गरैं । मेरो तौल कम थियो । तर, मलाई बढी तौल समूहमा राखियो । त्यसैले पनि छोरीसँग फाइट परेको थियो । छोरी निकै अग्ली र म भने होचो हाइट भएकी । एरिनामा छोरीले किक प्रहार गर्दा म केवल रक्षात्मक हुँदै भागी मात्र रहैं । एसियनमा छनोट हुँदा म १९ वर्षकी मात्र थिएँ । मलेसियामा आयोजना भएको एक प्रतियोगिता खेल्न पुगेकी थिएँ । मलेसियाभन्दा जापान धेरै विकसित भइसकेको थियो । मलेसियामा तीन महिनाको अभ्यासले हिरोसिमामा भएको एसियाडमा धेरै सहयोग गरेको थियो ।

पहिलो खेलमा इन्डोनेसियनलाई हराएँ

बिर्तामोडमा मेरो गुरु मदन उप्रेती हुनुहुन्थ्यो । त्यसपछि काठमाडौंमा हीरा र अकबर शाह गुरुले सिकाउनुभयो । एसियाडको अन्तिम तयारीको सिलसिलाको तीन महिनापछि फ्रान्सबाट एन्जोलो गुरु आउनुभयो । हिरोसिमा पुग्दा दावा गुरुङ नै मुख्य प्रशिक्षक हुनुहुन्थ्यो । जापानमा दुई बाउट खेलेकी थिएँ । त्यसवेला फ्री वेट थियो । अहिले यस्तो प्रावधान छैन । अहिले हेभिवेट हुन्छ । मैले पहिलो बाउटमा इन्डोनेसियन खेलाडी मेइटी जाहाना कासेगेरलाई हराएँ । दोस्रो खेलमा म पराजित भएँ । एसियन खेलजस्तो आयोजना भइरहेको हलको एरिना निकै ठूलो थियो । त्यो देख्दा निकै आश्चर्यमा परैं ।

नेपालमा हामीले कहिल्यै राम्रो म्याटमा अभ्यास गरेनौं । त्रिपालभित्र र धुलैधुलो खाएर खेलेको अनुभव मात्र थियो । यसकारण म जापानमा नर्भस भएँ । त्यहाँको माहोल बेग्लै थियो । यद्यपि, मेरो तयारी राम्रो, तर मनमा डर थियो । मुख्य प्रतिस्पर्धामा हारिन्छ कि भन्ने थियो । दोस्रो खेलमा जापानिज खेलाडी मिरोमी हिरोससँग म ६-० को नमिठो अन्तरले पराजित भएँ । केवल तीन मिनेटमा खेलमा जापानिज खेलाडीले यसरी अंक बटुलिन्, त्यसको कल्पना गर्न सक्दिनँ । दोस्रो खेलमा पराजित हुँदा नै मेरो कांस्य पदक पक्का थियो । जापानिज खेलाडी मभन्दा निकै अनुभवी थिइन् । यसकारण उनीसँग पराजित हुँदा त्यति दुःख लागेन । तर, अगाडि बढ्न पाए भनै राम्रो हुने थियो । खेलमा हारे पनि कांस्य पदक जितैं । मभन्दा अगाडि एसियाडमा नेपाली महिलाले पदक जितेको भन्ने मलाई थाहा थिएन ।

जापानमा बस्न सकिनँ

एसियाडमा पहिलो सहभागितामै कांस्य जितेपछि खुसी नलाग्ने कुरै भएन । कताकता म दुःखी थिएँ भने मन अशान्त थियो । जापानमा रहँदा कतिखेर प्रतियोगिता सकिन्छ र घर जाऊँ भइसकेको थियो । प्रतियोगिताअघि त्यस्तै अनुभव भएको थियो । जापानको खाना नै मीठो लागेन । जापानिजको खाना नै फरक थियो । नेपालका अफिसियल दाइहरूले साथमा खुर्सानी लगेका रहेछन् । खानाको स्वाद नमिल्दा मैले खुर्सानी मागेर खाएँ । जापान बसाइका क्रममा एक दिन पनि भात खान पाइनँ । मलाई विदेशमा बस्ने मन लागेन ।

त्रिभुवन विमानस्थल झरेपछि धेरै साथीले एउटै प्रश्न गरेका थिए, 'तँ किन जापान नबसेकी ? किन घर फर्किएकी ? त्यहीं सेवा-सुविधा थियो ।' धेरै सेवा-सुविधा भए पनि मलाई नेपाल नै प्यारो लागेको थियो । हामीसँगै हिसोसिमामा एसियाड खेल्न गएका करँते, बक्सिङ र जुडोका साथीहरू त्यहीं नै लुकेका थिए । त्यसवेला विमानस्थलमा स्वागत गर्ने अहिलेजस्तो चलन थिएन । अहिले विमानस्थलमा स्वागत गर्न जाने प्रचलन छ । कांस्य पदक जितेपछि मेरो चर्चा भने भइरह्यो ।

चाँडै चर्चितसहित गुमनाम पनि भएँ

मेरो खेल करिअर चार-पाँच वर्षको मात्रै भयो । एकै समयमा नतिजा आयो । त्यसैवेला मेरो ख्याति पनि चुर्लिएको थियो । धेरैले मलाई प्रोत्साहित गरे । एसियन गेम्समा मेडल आएपछि तल्लो स्तरको खेल खेल्न मन लागेन । दक्षिण एसियाली खेलकुद प्रतियोगिता खेलिनँ । यो प्रतियोगिता मलाई सानो गेमजस्तो लाग्यो । मेरो लक्ष्य ओलम्पिक थियो । तर, ओलम्पिकमा हाम्रो खेल नै भएन । गुरुहरूले मलाई दक्षिण एसियालीभन्दा माथिको स्तरमा खेल्नुपर्ने सुझाव दिनुभयो । त्यसैले पनि अरू खेल खेलिनँ । 'हुन पनि हो, एसियन गेम्समा मेडल ल्याएको खेलाडी सागमा पराजित भयो भने बेइज्जत हुन्छ' भनेर खेलिनँ । मेरो विशेषता भनेकै एकाएक चर्चासहित गुमनाम पनि सँगै भयो ।

फिनिसिङमा चुक्दा नेपाल 'ए' २१ रनले पराजित

नयाँ पत्रिका

नेपाल 'ए' टोली आयरल्यान्डको 'ए'सँग पहिलो टी-२० अभ्यास खेलमा २१ रनले पराजित भएको छ । त्रिवि क्रिकेट मैदानमा आयरल्यान्ड 'ए'ले २० ओभरमा पाँच विकेट गुमाएर दुई सय २२ रनको विशाल योगफल खडा गरेको थियो । प्रत्युत्तरमा नेपाल १९.३ ओभरमा सबै विकेटको क्षतिमा दुई सय एक रनमा समेटियो । त्रिवि क्रिकेट मैदानमा नेपालका ब्याट्समान्यनले अन्तिमतिर उत्कृष्ट फिनिसिङ गर्न नसक्दा आयरल्यान्डको 'ए'ले २१ रनको जित निकालेको हो । आयरल्यान्ड 'ए'ले तीन खेलको टी-२० सिरिजमा १-० ले अग्रता लिएको छ ।



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

नेपालका लागि लोकेश बमले आक्रामक रूपमा शतकीय इनिङ्स खेलेका थिए । उनले ५६ बलमा एक सय ६ रन जोडे । उनले आफ्नो इनिङ्समा नौ चौका र आठ छक्का प्रहार गरेका थिए । नेपालको ब्याटिङमा आरिफ सेखले २६ बलमा पाँच छक्का र एक चौका प्रहार गरी ४९ रन बनाए । लोकेश र आरिफ शेखले चौथो विकेटका लागि एक सय २१ रनको साझेदारी गरेका थिए । कप्तान विनोद भण्डारीले १७ रन बटुले । अन्य खेलाडीले दोहोरो रन नै बनाएनन् ।

बलिङमा आयरल्यान्डका याथ्यु हम्फ्रिज र फिओन ह्यान्डले समान तीन विकेट लिए । इनिङ्सको एक समय नेपाल १८९-४ को बलियो स्थितिमा थियो । त्यसपछि नेपालले थप १२ रन जोड्दा ६ विकेट गुमाउन पुग्यो । आयरल्यान्ड 'ए'का लागि पिजे मुरले ४९ रन, केड कारमाइकल र निल रकले समान ३८ रन बनाए । बलिङमा नेपालका कमलसिंह ऐरीले सर्वाधिक तीन विकेट लिएका थिए । चोटका कारण एक वर्षपछि कमब्याक गरेका कमलले पहिलो खेलमै उत्कृष्ट प्रदर्शन गरेका हुन् ।

उपाधि भिडन्त सुष्मा र रमिशाबीच

नयाँ पत्रिका

लुम्बिनीकी सुष्मा तामाङ र बागमतीकी रमिशा श्रेष्ठ छैटौं वीर गणेशमान राष्ट्रिय बक्सिङ प्रतियोगिताअन्तर्गत महिला ५० केजीमा शुक्रबार फाइनलमा प्रवेश गरेका छन् । प्रतियोगिताको शुक्रबार भएको सेमिफाइनलमा सुष्माले कर्णालीकी अस्मिता दुवाललाई हराउँदै अन्तिम दुई स्थान पक्का गरिन् । रमिशाले नेपाल आर्मीकी आरती बम्जनलाई हराउँदै सुष्मासँगको उपाधि भिडन्त पक्का पारिन् । महिला ५४ केजीमा बागमतीकी रक्षा जिसीले गण्डकीकी सोनिया बडुवाललाई हराउँदै फाइनल स्थान पक्का गरिन् । नेपाल प्रहरीकी अञ्जली तेलीले आर्मीकी लालुमाया खत्री क्षेत्रीलाई निराश पार्दै अन्तिम दुई स्थान सुरक्षित गरिन् ।



महिला ५० केजीमा सुष्मा तामाङ (रातो) प्रतिद्वन्द्वी अस्मिता दुलाललाई मुक्का प्रहार गर्दै

महिला ५७ केजीको पहिलो सेमिफाइनलमा आर्मीकी वर्षा श्रेष्ठले प्रहरीकी निशा तामाङलाई हराइन् । कोशीकी नारिका राईले लुम्बिनीकी ललिता बस्नेतलाई पाखा लगाउँदै उपाधि भिडन्त पक्का गरेकी छिन् ।

महिला ६० केजीमा आर्मीकी ललिता महर्जनले कोशीकी जोनु लिम्बूमाथि सहज जित निकाली फाइनल स्थान बनाइन् । एपिएफकी संगीता सुनारले बागमतीकी नतिशा रानामगरलाई पन्छाउँदै फाइनलमा स्थान बनाइन् । महिला ६६ केजीको पहिलो सेमिफाइनलमा आर्मीकी निरू गुरुङले सुदूरपश्चिमकी सञ्जिता चौधरीलाई हराइन् । एपिएफकी विनिता थापामगरले कर्णालीकी अस्मिता चन्दको चुनौती पन्छाउँदै फाइनलमा स्थान सुरक्षित गरेकी छिन् ।

महिला ७५ केजीमा एपिएफकी सरस्वती रानाले लुम्बिनीकी जुनमायालाई निराश पारिन् । आर्मीकी तृषा जबेगूले कर्णालीकी शिलु महर्जनमाथि जित दर्ता गर्दै फाइनल सुरक्षित गरेकी छिन् । राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भइरहेको प्रतियोगिताको पुरुषमा फाइनल पुग्ने खेलाडीको टुंगो लागेको छ । पुरुष ५१ केजीमा प्रहरीका चन्द्रबहादुर थापाले बागमतीका लालप्रसाद उप्रेतीलाई हराउँदै अन्तिम दुई स्थान पक्का गरे ।

भूपेन्द्र फाइनलमा

पुरुषतर्फको ६३.५ केजीमा प्रहरीका भूपेन्द्र थापाले गण्डकीका निश्चल गुरुङमाथि सहज जित निकाले । आर्मीका खगेन्द्र रोकामगरले लुम्बिनीका अनिलकुमार पुनलाई हराउँदै भूपेन्द्रसँगको स्वर्ण भिडन्त पक्का पारे । ७१ केजीमा एपिएफका विक्रम चौधरीले बागमतीका अश्विनधिरन श्रेष्ठलाई हराए ।

एनआरटी अन्तिम आठमा

विराटनगरमा **गणेश लम्साल**

न्युरोड टिम (एनआरटी) आठौं विराट गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा पुगेको छ । विराटनगरको सहिद रंगशालामा शुक्रबार त्रिभुवन आर्मी क्लबलाई २-० ले पराजित गर्दै एनआरटी अन्तिम आठमा पुगेको हो । एनआरटीले आइतबार सेमिफाइनल प्रवेशको खेलमा भारतको सिक्किम ड्रेगानविरुद्ध खेल्नेछ । एनआरटीका विदेशी खेलाडी रिचार्ड र आफिज ओलावाले समान एक-एक गोल गरेका थिए ।

खेलको २६औं मिनेटमा रिचार्डले एनआरटीलाई १-० को अग्रता दिलाए । आफिजले निकालेको क्रस पासमा उनले डिबक्सभित्रबाट गोल गरेका थिए । एनआरटीले खेलको ७५औं मिनेटमा २-० को अग्रता लियो । यसपटक आफिजले गोल गरे । उनले डिबक्सभित्र वैकल्पिक खेलाडी सुदीप श्रेष्ठको पासमा गोल गरे ।

आर्मीका प्रशिक्षक मेघराज केसीले प्राप्त अवसरमा खेलाडीले चुकाउँदा हार सामना गरेको बताए । 'नियमित खेल भइरहेको कारणले हामीले धेरै नयाँ खेलाडी खेलायौं । राम्रै खेल्दाखेल्दै अवसर चुकाउँदा पराजित भएको हो,' उनले भने । एनआरटीका सहायक प्रशिक्षक आशिष थापामगरले खेलाडीको राम्रो टिमवर्क भएकाले नतिजा आफ्नो पक्षमा आएको बताए । 'खेलाडीले जितका लागि धेरै मिहिनेत गरेका छन्,' उनले भने, 'क्वार्टरफाइनलमा थप नयाँ खेलाडी राख्नेछौं ।' प्रतियोगिताअन्तर्गत शनिबार पहिलो क्वार्टरफाइनलमा भुटानको रोयल थिम्पुले सांग्रिला मोरङ फुटबल क्लबको सामना गर्नेछ ।



Government of Nepal (GoN)
Ministry of Urban Development
Department of Urban Development and Building Construction

Project Office of Urban Development and Building Construction, Kathmandu

Babarmahal, Kathmandu


LETTER OF INTENT

Date of Publication:: 2080/12/17

This is to notify all concerned bidders on our intention to award the contract for the following projects to the corresponding lowest evaluated substantially responsive bidders. This notice is published as per the provision stipulated in Public Procurement Act 2063, clause 27, sub-clause (2) and (3) and clause 47.

S.N	IFB No.	Project Description	Name and address of the bidder	Bid Amount (including PS and VAT)
1	PUDBC/KTM/ SGN/NCB/ WORKS-100/080/81	Beautification work in Mandikhatar Warfedi Radhakrishna Temple Premise in Budanilkantha Municipality. Ward No.-09, Kathmandu.	Ashlesha Construction pvt.ltd Kathmandu	NRs.21,27,433.75
2	PUDBC/KTM/ BAS /NCB/ WORKS-101/080/81	Construction works in Pilache Makha Chhe Building Lalitpur Metropolitian City Ward No.07, Lalitpur	Zenith Construction & Suppliers Pvt.Ltd., Jorpati, nayabasti, Kathmandu	NRs.17,29,314.79

Project Chief



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com